का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ फागुन २०८२
शनिबार
7 March 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक ४४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सुविधाजनक बहुमततर्फ रास्वपा

## प्रमुख प्रतिपक्ष बन्ने प्रतिस्पर्धामा कांग्रेस–एमाले

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २२ फागुन

प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २०४८ यताकै ठुलो जित निकाल्ने देखिएको छ । शुक्रबार मध्यरातसम्मको मत गणना परिणामअनुसार प्रत्यक्षतर्फ एक सयभन्दा धेरै क्षेत्रमा रास्वपा उम्मेदवारहरूले फराकिलो अग्रता कायम गरेका छन् । यसले प्रतिनिधिसभामा रास्वपाले सुविधाजनक बहुमत सुनिश्चित गर्ने प्रष्ट संकेत छ ।

काठमाडौं उपत्यकाका १५ मध्ये १४ निर्वाचन क्षेत्रमा क्लिन स्वीप गर्दैछ भने मधेश, गण्डकी र लुम्बिनीमा बलियो पकड देखिएको छ। विघटित संसदका दुई ठुला दलहरू नेपाली कांग्रेस र नेकपा एमालेबीच प्रमुख प्रतिपक्ष बन्ने प्रतिस्पर्धा देखिएको छ । नेपाली कम्युनिष्ट पार्टी पनि ती दलभन्दा धेरै कमजोर देखिएको छैन ।

२०६४ को पहिलो संविधानसभा निर्वाचनपछि कुनै दलले एकल बहुमत ल्याउन मिश्रित निर्वाचन प्रणालीलाई बाधक ठानिँदै आएको थियो। अहिले पनि २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ प्रत्यक्ष निर्वाचनबाट र ११० समानुपातिक निर्वाचनबाट सदस्यको निर्वाचन हुन्छ । तर प्रत्यक्षतर्फ एक सय सिट कटाउने संकेत देखिएपछि त्यही अनुपातमा समानुपातिक मत आउँदा सजिलै १५० सिट कटाउने रास्वपा नेताहरू बताउँछन् । 'हाम्रो लक्ष्य बहुमत हो। तर जसरी देशैभर लहर चलेको यसले दुईतिहाइसम्म पुग्नसक्छ,' रास्वपा उपसभापति »» पृष्ठ २ मा

### ■ काठमाडौंमा रास्वपाको क्लिन स्वीप

शुक्रबार मध्यारातिसम्मको मतपरिणमअनुसार, रास्वपाले काठमाडौं उपत्यकामा क्लिन स्वीप गर्ने देखिएको छ । २०७९ सालको निर्वाचनमा काठमाडौंका ४ र ललितपुरको एक क्षेत्र जितेको रास्वपाले यसपटक छलाङ मारेको छ । काठमाडौं जिल्लाका १० वटा निर्वाचन क्षेत्र र भक्तपुरका दुई निर्वाचन क्षेत्रमा जित नजिक देखिएको छ भने ललितपुर १ मा झिनो अग्रता छ । त्यहाँ नेपाली कांग्रेसका उदयशमशेर राणा र रास्वपाका »» पृष्ठ २ मा

### ■ हुने छैन प्रचण्डसँग म्याजिक नम्बर

बितेको एक दशक ठुला दलका तीन शीर्ष नेताले प्रधानमन्त्रीको कुर्सीलाई म्युजिकल चेयर बनाए। कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र साबिकको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पालैपालो प्रधानमन्त्री बने । दुई दलले गठबन्धन गरेर सरकार बनाउने र भत्काउने खेल खेलिरहे । पछिल्लो पटक सरकार अस्थिर बनाएको दोष नेपाली कम्युनिष्ट पार्टीका संयोजक प्रचण्डलाई जान्छ । »» पृष्ठ २ मा

### खुम्चिए मधेशकेन्द्रित दल
### राष्ट्रिय दल बन्न कठिन

विस्तृत पृष्ठ २ मा

**चुनावी सन्देश**

# धोका दिए ब्यालेट विद्रोह



जनमतलाई धोका दिएको परिणाम उनीहरुले भोगेका हुन्, रास्वपाले त्यसलाई विचार गर्नुपर्छ ।

■डा. भिमार्जुन आचार्य
संविधानविद्

**रूपेश आचार्य/मध्यान्न**
काठमाडौं, २२ फागुन

प्रतिनिधिसभा निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले प्रष्ट बहुमतसहितको सरकार बनाउने म्यान्डेट दिएको देखिएको छ। यो परिणामको राजनीतिक सन्देशलाई चुनावमा जित्ने, हार्ने र अन्य पक्षले स्पष्ट रुपमा बुझ्नुपर्ने विज्ञहरु बताउँछन्। कतिपयले यसलाई ब्यालेट बिद्रोहका रुपमा पनि अर्थ्याएका छन् ।

संविधानविद् भीमार्जुन आचार्यले परिणामलाई मूलतः पूरानो इतिहास भएका दलहरुप्रतिको वितृष्णा र आक्रोश मतदानमार्फत व्यक्त भएको हिसाबमा अहिलेको चुनावी परिणामलाई लिइनुपर्ने बताउँछन् । यसका साथै नयाँ पुस्ताको छनौट र रास्वपको पक्षमा यसपटक सृजना भएको लहरको प्रभावले पनि चुनावी परिणाम यस्तो आएको निश्कर्ष उनको छ। जेन्जी आन्दोलनको श्रेय लिन सकेका कारण पनि रास्वपालाई अनुकुलता सृजना भएको धारणा पनि उनको छ।

'विगतमा पनि आन्दोलनकारी शक्तिका पक्षमा यस्तो लहर आएको हो' आचार्यले भने, 'विगतमा काँग्रेस एमाले, नेकपा र माओवादीसमेतका पक्षमा यस्ता लहर आएकै हो । त्यो जनमतलाई धोका दिएको परिणाम उनीहरुले भोगेका हुन्, रास्वपाले त्यसलाई विचार गर्नु पर्छ ।'

अहिलेको चुनावी परिणामले हार्ने र जित्ने दुवैलाई प्रष्ट र गहिरो सन्देश दिएको उनी बताउँछन्। 'एकातिर पुराना दललाई जनमतको कदर नगर्दा केसम्म हुँदो रहेछ भन्ने शिक्षा लिने अवसर दिएका छन् । अर्को तर्फ रास्वपालाई जनताले दिएको मौका सदुपयो गर्न नसक्दा पुराना राजनीतिक दलले अहिले भोग्नु परेको जस्तै परिणाम आफूले पनि भोग्नु पर्दो रहेछ भन्ने सन्देश दिएका छन्' आचार्यले भने । रास्वपाले आफूलाई प्राप्त अपार जनसमर्थनलाई देशका सबै क्षेत्रमा रहेका समस्या समाधान गर्दै सेवा प्रवाहलाई चुस्त बनाउन नसकिए अहिलेको जनमतलाई पहिलो र अन्तिम बनाइदिन सक्नेर हेछन् भन्ने हेक्का राख्नुपर्ने पनि उनले बताए ।

राज्यका सबै अंग पूर्ण रुपमा मर्मतसम्हार गर्नुपर्ने अवस्थामा पुगेको बताउँदै संविधानविद् आचार्यले जितको उन्माद प्रदर्शन नगरी काममा लाग्नु पर्ने समेत बताए ।

समाजशास्त्री डा. दिपेश घिमिरे पुराना दलले साढे चार दशकदेखि चार/पाँच जना नेताकै मात्र वरपर घुमाउने र पुस्तान्तणलाई ढोका बन्द गर्ने काम गरेकाले जनताले आक्रोश पोखेको बताउँछन् । 'पुराना दलहहरुले आशा देखाए, जसलाई वास्तविकतामा परिणत गर्न कुनै काम गरेनन्', उनले भने। विकासका केही काम भए पनि भ्रष्टाचार व्याप्त भएकोले पनि जनतामा पुराना दलप्रति विकर्षण पैदा भएको उनको ठहर छ ।

नेपाली जनताको इतिहासदेखि नै विद्रोहलाई मतदानमार्फत अनुमोदन गर्ने प्रवृत्तिले पनि यसपटक काम गरेको उनी »» पृष्ठ २ मा



बाबुराम दाहाल
वरिष्ठ अधिवक्ता



डा. रूपा मुनकर्मी
प्राध्यापक, काठमाडौं विश्वविद्यालय



डा. अमिना सिंह
प्राध्यापक, काठमाडौं विश्वविद्यालय



डा. दिपेश घिमिरे
समाजशास्त्री

# विवेकशील धारबाट संसद् पुगेकी रञ्जु



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २२ फागुन

गर्भवती अवस्थामा भएकाले रञ्जु न्यौपाने दर्शनाले सुरुमा समानुपातिक बन्दसूचीमा बस्न चाहेकी थिइन् । सुरुमा माथि नै रहेको उनको नाम सूचीमा तल पारियो । त्यसप्रति असन्तुष्टि व्यक्त गर्दै नाम फिर्ता लिएर प्रत्यक्ष निर्वाचनमा होमिएकी दर्शना अन्ततः प्रतिनिधिसभा निर्वाचनमा जित्ने पहिलो सांसद् भएकी छिन् ।

दुई साताकी आलो सुत्केरी ज्यान लिएर उनी शुक्रबार प्रमाणपत्र बुझ्न र शुभेच्छुक-समर्थकको बधाई ग्रहण गर्न निस्किन। काठमाडौं क्षेत्र न. १ को चुनावी मैदानमा गर्भवती ज्यान लिएर खटिँदा नै उनले धेरैको ध्यान तानेकी थिईन्। त्यतिबेला उनले मध्यान्हसित भनेकी थिइन्, 'हाम्रा आमाहरुले काम गर्दागर्दै बच्चा जन्माए । म पनि कतिन्जेल सकिँदो रहेछ भनेर घरदैलोमै छु ।'

चुनावी प्रचारप्रसार अन्तिम चरणमा पुगेका बेला उनी अस्पताल भर्ना भइन् र ११ फागुनमा सुत्केरी भइन् । त्यसको एक सातापछि नै मौन अवधि सुरु भइहाल्यो । दर्शना घरदैलोमा नभए पनि उनका पति र रास्वपा नेता कार्यकर्ताले उनका लागि भोट मागिरहे । २१ फागुनमा मतदान गर्न जाँदासमेत उनको काखमा नवजात शिशु थिए ।

उनको विजय अहिलेको चुनावमा देखिएको रास्वपा लहरको परिणाम मात्र होइन। प्रतिस्पर्धामा रहेका नेपाली कांग्रेसका उम्मेदवार प्रबल थापालाई दोब्बरभन्दा बढी मतले पछि पार्नुको पछाडी »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार पृष्ठभूमिका उम्मेदवारको अवस्था कस्तो ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन

पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री टेकबहादुर गुरुङ प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन्। एक निर्वाचन क्षेत्र रहेको मनाङमा नेपाली कांग्रेसका उम्मेदवार रहेका गुरुङ २ हजार ४१५ मत प्राप्त गरी विजयी भएका हुन् ।

उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)की यशोदा सुवेदी गुरुङले ४५४ मत प्राप्त गरिन्। मंगोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ (नवीन)ले ९ मत पाए। ७ हजार मतदातामध्ये दुई हजार ९२३ मत खसेको मनाङमा ४५ मत बदर भएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपाध्यक्ष तथा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल काठमाडौं क्षेत्र नं ९ बाट विजयतर्फ उन्मुख देखिएका छन् । उनी नेपाली कांग्रेसकी उम्मेदवार नानुमैया बास्तोलाभन्दा धेरै मतान्तरले अगाडि छन् । अर्यालले पहिलोपटक प्रत्यक्षतर्फबाट निर्वाचनमा प्रतिस्पर्धा गरेका हुन् । यसअघि उनी समानुपातिकतर्फबाट सांसद बनेका थिए ।

यस्तै यो समाचार तयार पार्दासम्म गुल्मी क्षेत्र नं. २ मा एमाले उम्मेदवार बनेका पूर्वश्रममन्त्री गोकर्ण विष्ट दोस्रो स्थानमा छन्। रास्वपाका उम्मेदवार पूर्व प्रहरी नायव उपरीक्षक गोविन्द पन्थीले विष्टभन्दा थोरै मतान्तरले अग्रता लिएका छन् । अर्का पूर्व श्रममन्त्रीकिसनकुमार श्रेष्ठ बारा क्षेत्र नं. ४ मा एमाले उमेदवार छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका रहबर अन्सारीभन्दा धेरै मतान्तरले पछाडि परेका श्रेष्ठ दोस्रो स्थानमा रहेका छन् । बारा निर्वाचन क्षेत्र नं. ३ बाट उम्मेदवार बनेका नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर रास्वपा उम्मेदवार अरविन्द साहलाई »» पृष्ठ २ मा

# नयाँ र पुराना दलको संरक्षक भएर काम गर्छु : प्रचण्ड

**रुकुम पूर्व/मस**-नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं रुकुम पूर्वबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पुष्पकमल दाहाल (प्रचण्ड)ले आफूले नयाँ र पुराना दलहरूको संरक्षक भएर काम गर्ने बताएका छन् ।



शुक्रबार प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मतदाता धन्यवाद ऱ्यालीलाई रुकुमकोटमा सम्बोधन गर्दै उनले सबै मिलेर देशलाई आगाडि बढाउनुपर्नेमा जोड दिए ।

एमाले र कांग्रेसलाई आफूले दुई तिहाइको अहंकार नगर्नूस् है गल्ती हुन्छ भनेर बारम्बार संसद्मा बोलिहरेको बताउँदै संयोजक प्रचण्डले भ्रष्टाचारविरुद्ध लड्दै गर्दा विकास र समृद्धिका लागि लड्दै गर्दा संख्याको अहंकारले आफूलाई बाहिर पठाएको स्मरण गरे ।

उनले भने, 'त्यही बेलामा मैले चुनौतीका साथ भनेको थिए सङ्ख्याले केही नापिँदैन । बंगलादेशमा एउटै पार्टीको दुई तिहाइ हुँदा पनि के हालत भयो देखिएकै छ ।' उनले धेरै सिट ल्याएका दलहरूलाई अहंकारबाट बच्न अनुरोध गरे ।

'इतिहासका आधारमा म सबैका लागि गुरु हुन सक्छु,' संयोजक दाहालले भने,'तपाईंहरूको जस्तै लहर मैले २०६४ मै देखिसकेको छु, त्यसैले अनुभवका आधारमा सबैसँग मिलेर काम गर्न तयार छु ।' त्यसैले नयाँ दलहरूलाई पनि आफूले राम्रोसँग नेतृत्व दिनुपर्दछ भन्ने महसुस गरेको भनाइ उनको थियो ।

रुकुम पूर्वले भारी मतले यो निर्वाचनमा जिताएर ठूलो भारी बोकाएको बताउँदै संयोजक दाहालले देशकै ठूलो जिम्मेवारी काँधमा आएको महसुस गरेको बताए ।

पूर्वप्रधानमन्त्रीहरूमध्येमा अहिले आफूमात्र विजयी हुने विचित्रको स्थिति आएको बताउँदै उनले इतिहासलाई बोकेर हिँड्नुपर्ने बताए । जनयुद्ध र जनआन्दोलनको इतिहास, शान्ति प्रक्रिया टुंग्याएर यो देशमा स्थायित्वका निम्ति भए पनि आफूले निकै ठूलो भारी बोक्नुपर्ने स्थिति आएको उनले बताए ।



**रौतहट क्षेत्र नं १ को मतगणना गरिंदै**
रौतहट क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्य पदका लागि भएको निर्वाचनको मतगणना गर्दै गणकहरु ।
*तस्बिर : रमेश तिमलसिना/रासस*

## सुविधाजनक...

डीपी अर्यालले भने । राजनीतिक अस्थिरताकै कारण अहिलेसम्म कुनै पनि प्रधानमन्त्रीले पाँच वर्षे कार्यकाल पूरा गर्न सकेका छैनन् । २०१५ सालमा दुईतिहाइ बहुमत ल्याए पनि प्रथम जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको सरकारलाई राजा महेन्द्रले डेढ वर्षमै अपदस्त गरेर पञ्चायती व्यवस्था लागू गरे । २०४८ र २०५६ मा ल्याएको बहुमत कांग्रेसको आन्तरिक कलहले पाँच वर्ष टिकेन । २०७४ मा सुरुमा बाम गठबन्धन र पछि एमाले-माओवादी केन्द्र एकता गरेर तत्कालीन नेकपाले झन्डै दुईतिहाइ बहुमतको जनमत जुटाएको थियो । तर ओली र माधव नेपाल-प्रचण्डको कलहले साढे तीन वर्षमै तितरबितर हुनपुग्यो ।

मतगणनाको नतिजाले आकार लिँदै गएपछि अन्तरिम सरकारका अर्थमन्त्री रामेश्वर खनालले अहिलेको संवैधानिक व्यवस्थाले स्थिर सरकार दिँदैन् भन्ने टिप्पणी गलत प्रमाणित हुन लागेको बताएका छन् । उनले भने, 'अहिलेसम्म गणना गरिएको मत संख्याको आधारमा यो संविधानले बहुमतसहितको स्थिर सरकार दिन सक्दैन भन्ने टिप्पणी फेरि एकपटक गलत प्रमाणित हुने देखिएको छ ।'

२०७९ को स्थानीय तह निर्वाचनमा बालेन शाहजस्तै स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित धनगढी उपमहानगरपालिकाका मेयर गोपी हमालले पनि रास्वपा बहुमतउन्मुख भएपछि यसपटक मतदाताले गठबन्धन गरेको टिप्पणी गरेका छन् । उनले सामाजिक सञ्जालमा भनेका छन्, 'सधैं दलले गठबन्धन गर्थे, यसपटक जनताले अभूतपूर्व गठबन्धन गरेका छन् ।'

**खुम्चिए मधेशकेन्द्रित दल राष्ट्रिय दल बन्न कठिन**

मधेश आन्दोलनबाट उदाएर राष्ट्रिय राजनीति प्रभावित पार्दैआएका मधेशकेन्द्रित दलहरूका लागि प्रतिनिधिसभा चुनावले थप खुम्च्याइदिएको छ । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा निर्णायक शक्ति बनेको मधेश आधारित दलहरू हरेक चुनावपिच्छे ओरालो लाग्दैआएका छन् । टुटफुट र विभाजनले यी दलहरूको शक्ति क्षयीकरण भइरहेका बेला मधेश छिरेको रास्वपाको लहरले यी दलहरू बढारिने स्थिति आएको हो ।

मधेश राजनीतिबाट केन्द्रमा हस्तक्षेप गर्न नसकेपछि यी दलप्रतिको आकर्षण घट्दै गएको देखिन्छ । गत निर्वाचनमा एमाले मधेशको पहिलो दल बनेको थियो । यी दलहरूले पनि पहाडी जिल्लामा संगठन बिस्तारको कोशिस नगरेका हैनन् । तर उनीहरूलाई राष्ट्रिय दलको रुपमा जनमतले पत्याएन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टी मधेशका मुख्य दल मानिन्छन् । तीन वर्षअघिको निर्वाचनबाट मधेश प्रदेशमा सीके राउत नेतृत्वको जनमत पार्टी उदाएको थियो भने पश्चिम तराईमा रेशम चौधरी संरक्षक रहेर नागरिक उन्मुक्ति पार्टीले प्रदेश, संघ र स्थानीय सरकारमा उपस्थिति देखाएको थियो । तर यी दुबै दल विभाजित भइ अहिले अस्तित्व संकटमा छन् ।

रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाह बालेनलाई पहिलो मधेशी प्रधानमन्त्रीका रुपमा अघि सारेपछि मधेशमा अरु दलको जनमत कमजोर हुनपुग्यो । मधेशमा प्रत्यक्ष उम्मेदवारभन्दा पनि घण्टी र बालेनकै क्रेज देखिन्छ । जसका कारण मधेश राजनीतिका खेलाडी उपेन्द्र यादव, सीके राउत, राजेन्द्र महतो, राजकिशोर यादवलगायतका नेतालाई चुनाव जित्नै मुस्किल परिरहेको छ । शुक्रबार अबेर रातिसम्म मतगणना भइरहेका क्षेत्रमा मधेशकेन्द्रित दलहरूको आशालाग्दो स्थिति देखिँदैन । रास्वपा र बालेन जादू चलेका बेला झन्डै ४ लाख समानुपातिक मतको थ्रेस होल्ड कटाउन यी दलहरूलाई कठिन भइरहेको छ ।

## काठमाडौंमा...

उम्मेदवार बुद्धरत्न महर्जनबीच तीव्र प्रतिस्पर्धा छ । ललितपुर क्षेत्र नं. २ र ३ मा भने रास्वपाको जित पक्का भइसकेको छ ।

गत निर्वाचनमा काठमाडौंमा चुनावी लहर ल्याएको रास्वपाले यसपटक देशैभर उछाल ल्याएको छ । रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह बालेनले अन्तिम चरणमा मात्र उपत्यकामा चुनावी प्रचार रोड शो गरेका थिए । चुनावी प्रचारमा ठुलो हलचल नदेखिएको काठमाडौंमा भित्रभित्रै चर्को आवाजमा घण्टी बजेको छ ।

काठमाडौं-१ बाट रञ्जु दर्शना, काठमाडौं ३ बाट राजुनाथ पाण्डे, काठमाडौं-६ बाट शिशिर खनाल र काठमाडौं-८ बाट विराजभक्त श्रेष्ठ निर्वाचित भइसकेका छन् । काठमाडौं-२ मा सुनिल केसी, काठमाडौं-४ मा पुकार बम, काठमाडौं-५ मा सस्मित पोखरेलले जित्ने निश्चितजस्तै भइसकेको छ । त्यस्तै काठमाडौं क्षेत्र नं. ७ र ९ मा पनि रास्वपा जिततर्फ लम्किएको छ ।

नेपाल मजदुर किसान पार्टीको गढ मानिएको भक्तपुर १ मा पनि यसपटक रास्वपाले चुनाव जित्ने देखिएको छ भने भक्तपुर-२ मा रास्वपाकै राजीव खत्रीले मतान्तर बढाउँदै लगेका छन् । यसरी हेर्दा काठमाडौं उपत्यकाका १५ मध्ये १४ निर्वाचन क्षेत्रमा रास्वपाले जित्ने निश्चितजस्तै भएको छ भने १ क्षेत्रमा तीव्र प्रतिस्पर्धा रहेको छ ।

## हुने...

२०७९ को निर्वाचनमा कांग्रेस र तत्कालीन एकिकृत समाजवादीसँग चुनावी गठबन्धन गरेर चुनाव जिते । लगत्तै, एमाले र रास्वपासँग मिलेर सरकार बनाए । त्यो सरकार पनि तीन महिना टिकेन । प्रधानमन्त्रीका रुपमा प्रचण्डले विश्वासको मत लिएपछि राष्ट्रपति चुनावसम्म आइपुग्दा उनले सत्ता गठबन्धनबाट एमालेलाई आउट गर्दै कांग्रेसलाई इन गरे । त्यसको एक वर्षपछि फेरि कांग्रेसलाई आउट गरेर एमालेलाई भित्र्याए । तत्कालीन माओवादी केन्द्रले ल्याएको ३२ सिटलाई अध्यक्ष प्रचण्डले म्याजिक नम्बर भन्थे ।

रास्वपाको लहर चलेको बुझेपछि सबैभन्दा बलियो क्षेत्र खोज्दै रुकुमपूर्व पुगेका प्रचण्ड भारी मतसहित निर्वाचित भएका छन् । प्रचण्ड १० हजार २ सय ४० मतसहित निर्वाचित हुँदा उनका निकटतम् प्रतिद्वन्द्वी एमालेका लिलामणी गौतमले ३ हजार ४ सय ६२ मत ल्याए भने कांग्रेसकी कुसुमदेवी थापाले ३ हजार ८१ मत ल्याएका छन् । प्रचण्डले चुनाव जिते पनि अबको संसद्मा उनका समकालीन नेताहरू भने सायदै देखिने छन् । कांग्रेस नेता देउवा चुनावमै उठेनन् । एमाले अध्यक्ष ओली चुनाव जित्ने स्थितिमा छैनन् । नेकपा संयोजक प्रचण्डले रुकुम पूर्वबाट संसद्को ढोका खोले पनि यसपटक उनीसँग न म्याजिक नम्बर छ, न त त्यस्ता नम्बर काम लाग्नेछ ।

## धोका...

बताउँछन् । 'जनताले २०१५ मा नेपाली काँग्रेसलाई र २०६४ सालमा माओवादीलाई यस्तै हिसाबको जनमत दिएका थिए अहिले रास्वपालाई त्यस्तै खालको जनमत दिएका छन्', उनले थपे । यद्यपी नेपालमा हालसम्म बहुमत प्राप्त गरेको पार्टीले पूर्णकाल सत्ता चलाउन नसकेको बाट रास्वपाले शिक्षा लिनुपर्ने भनाई पनि घिमिरेको थियो । '२०४८ साल र २०५६ सालमा नेकपा माओवादी र २०७४ मा एमाले माओवादी गठबन्धनलाई त्यस्तै जनमत मिलेको थियो । अहिले त रास्वपाले २०१५ सालमा कांग्रेसले पाए जत्तिकै जनमत पाएको छ', उनी थप्छन् । यसबाट जनउत्तरदायी र जवाफदेही सत्ता सञ्चालन गर्नुपर्ने रहेछ भन्ने करा रास्वपाले सिक्नुपर्ने पनि उनी बताउँछन् ।

काठमाडौं विश्वविद्यालयमा अध्यापनरत शिक्षाशास्त्री रूपा मुनकर्मी चुनावमा रास्वपातर्फ सोहोरिएको मतले जनताले नयाँ खोजको मात्र नभई उत्तरदायित्व पूर्ण शासन खोजेको अर्थमा लिनुपर्ने बताउँछिन् । यसका साथै जनताले पुराना राजनीतिक दलमा असल राजनीतिक सँस्कार र सदाचार एवं पारदर्शिताको अभाव देखेको र त्यसैको आशमा नयाँतर्फ आकर्षित भएको पनि उनको निश्कर्ष छ ।

'पुराना दलहरुले हाम्रै कार्यकर्ताले पनि हामीलाई विश्वास गरेनछन् भन्ने बुझ्नु पर्छ र यसलाई गम्भिरता पूर्वक लिनुपर्छ', उनले भनिन् । रास्वपाले पनि आफूमा राजनीतिक सँस्कारको अभाव भए जनताबाट अर्को चुनावमा नतिजा अनुकुल आउन नसक्ने मुनकर्मी बताउँछिन् ।

वरिष्ठ अधिवक्ता बाबुराम दाहाल पुराना दलको तुलनामा निकै कम सदस्य र सांगठनिक क्षमतामा रास्वपाले यस्तो परिणाम ल्याउनुले पुराना दलको रवैया जनता आजित भएको पुष्टि गरेको बताउँछन् । 'अब नयाँले अपेक्षित ढंगले काम गर्न सकेनन् र त्यही बेला पुराना दलले आफूलाई सच्याए भने अहिले जसरी मत विकर्षित भयो, त्यसै गरी मत आकर्षित हुनसक्छ । त्यसको साटो नयाँबाट पनि काम नहुने र पुराना पनि उही चालमा रहने हो भने जनताहरु दलीय व्यवस्थाकै विकल्पमा जान खोज्ने खतरा हुन्छ', उनको भनाई छ ।

काठमाडौं विश्वविद्यालयकै अर्की प्राध्यापक डा.अमिना सिंह अहिलेको जनादेश सैद्धान्तिक प्रश्नमा भन्दा अवस्था परिवर्तन नहुँदा उत्पन्न भएको भावनात्मक अभिव्यक्तिका रुपमा लिनुपर्ने बताउछिन् । पुराना राजनीतिक दलले परिणाम नदिएको र नयाँले अघिल्लो संसदमा खलेको भूमिका हेरेर आशाले मत दिएको पनि उनको निश्कर्ष छ । 'समग्रमा राजनीतिक भाषण र दस्तावेजमा भनिएका कुरा गरेर देखिउन नसक्दा जनता विकर्षित हुन्छन् भन्ने सन्देश सबै राजनीतिक शक्तिलाई दिएको छ ', उनले थपिन् ।

## विवेकशील...

रञ्जुको राजनीतिक पृष्ठभूमी र वैकल्पिक राजनीतिप्रति उनले देखाएको लगावको परिणाम समेत हो ।

विवेकशील नेपाली पार्टीमार्फत १७ वर्षको उमेरमै उनी २०७० सालमा राजनीतिमा जोडीएकी उनी राज्यका नकारात्मक पक्षका विरुद्ध सडकबाटै खरो विरोधमा सक्रिय थिइन् । त्यस बाहेक उनले समाज सेवामा पनि सक्रिय भइन् । डा. गोविन्द केसीले भ्रष्टाचारविरुद्ध अनसन बस्दा रञ्जु सहयोगी भूमिकामा देखिएकी थिइन् ।

पार्टीमा पनि उनको प्रभाव बढ्दै थियो । २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । जसमा उनी काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवार बनिन् । त्यसबेला उनी २२ वर्षकी थिइन् । विसं २०७४ मा काठमाण्डौंमा मेयर पदमा उठेकी दर्शनाले २३ हजारभन्दा बढी मत ल्याएकी थिइन् । उनको चर्चा झनै चुलियो । त्यसबेला काठमाडौं महानगरको मेयरमा भने नेकपा एमालेका विद्यासुन्दर शाक्य विजयी भए ।

नयाँ वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै उनकै अगुवाइमा विवेकशील साझा र रास्वपाबीच पार्टी एकता गराइन् । रास्वपाले सुरुमा उनलाई समानुपातिक बन्दसूचीमा राखिएको थियो । तर दर्शनाजस्तो जुझारु नेता समानुपातिक सूचीमा राखिएको भन्दै साइबर बुलिङ गरियो । उनले आफू गर्भवती रहेकाले समानुपातिकमा बसेको प्रस्टीकरण दिइरहिन् । तर आलोचना रोकिएन । त्यहीबेला सभापति रवि लामिछानेले बन्दसूची सच्याउँदा दर्शनाको क्रमसंख्या धेरै तल झारिदिए । त्यसले असन्तुष्ट रहेकी उनी अन्ततः प्रत्यक्ष निर्वाचन लड्ने निर्णयमा पुगिन् र निर्वाचित पनि भईन् ।

वैकल्पिक राजनीतिको वकालत गर्दै राजनीतिमा होमिएकी दर्शना यस पटक भने सफल भएकी छन् । लामो समयदेखि संघर्ष, सामाजिक सक्रियता र राजनीतिक अभियानमा बिताएकी रञ्जु दर्शनाले राजनीतिको नयाँ यात्रा सुरु गरेकी छन् । मातृत्व र नेतृत्वको दोहोरो भूमिकामा रहेकी दर्शनाले यो जित परिवर्तनको पक्षमा बताएकी छन् ।

## वैदेशिक...

पछ्याउँदै छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष लालप्रसाद साँवा लिम्बू झापाको निर्वाचन क्षेत्र नं ४ मा उम्मेदवार छन् । नेकपा एमाले उम्मेदवार साँवा दोस्रो स्थानमा छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका उमेदवार शम्भुप्रसाद ढकाल साँवाभन्दा फराकिलो मतान्तरले अगाडि छन् । लिम्बू दुई पटक प्रतिनिधिसभामा निर्वाचित भइसकेका छन् ।

इलाम क्षेत्र नं. १ मा नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेदवार बनेका रनबहादुर राई चौथो स्थानमा छन् । कास्की क्षेत्र नं. १ मा नेपाली कांग्रेसको उम्मेदवार बनेका संघका अर्का पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट तेस्रो स्थानमा छन् । उक्त क्षेत्रमा रास्वपाका खड्कराज पौडेल ठुलो मतान्तरले पहिलो र नेकपा एमालेका बैनबहादुर क्षेत्री अधिकारी दोस्रो स्थानमा छन् ।

दाङको क्षेत्र नं. १ मा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार बनेका नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष किरण किशोर घिमिरे पनि तेस्रो अग्रतामा छन् । रास्वपाका सहमहामन्त्री विपिनकुमार आचार्यले फराकिलो मतान्तरले अग्रता लिएको उक्त क्षेत्रमा नेकपा एमालेका महासचिव शंकर पोखरेल दोस्रो स्थानमा रहेका छन् । रानाभाट र घिमिरे पहिलो पटक निर्वाचनमा होमिएका हुन् ।

# घरबासका पाहुनालाई अर्गानिक खाना

**बागलुङ/मस**- साँझमा घरधन्दा सकेका घरबास सञ्चालकहरू सयपत्री फूलको माला हातमा लिएर दैलोमा उभिएका थिए । गाउँघरको खेतीपाती, घरधन्दा सकेर आराम गर्ने साँझमा पाहुनालाई स्वागत सत्कारमै व्यस्त हुन्छन् बागलुङको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक ।

बागलुङ बजारमा जन्मिएर कर्मथलो अमेरिका बनाउँदै आएकी अनुसिया श्रेष्ठ पहिलोपटक घरबास पुग्दा स्वागत र सत्कारले दङ्ग परिन् । बागलुङकै पहिलो सामुदायिक घरबासमा पुगेकी श्रेष्ठलाई साँझ सयपत्री फूलको मालाले स्वागत गरियो भने भोलिपल्ट लालीगुराँस फूल दिएर बिदाइ गरेको क्षणले मन लोभ्यायो ।

'गाउँघरका रमाइलो पल, अर्ग्यानिक खानाका परिकार, फूलमालाको स्वागत तथा लालीगुराँसको बिदाइ, बिहानै मूलाबारी भ्यूप्वाइन्टको सूर्योदयले मन लोभ्यायो', श्रेष्ठले भनिन्, '३३ वर्ष अमेरिका बसेँ, नेपालजस्तो आनन्द अन्त छैन, घरबासमा आउने सडक भने सुधार गर्न आवश्यक देखिएको छ, गुन्द्रुक, कोदोको रक्सी, कोदोको ढिडोसँगै अर्ग्यानिक खानाका परिकारले अमेरिका नै भुलायो मलाई ।' लालीगुराँस भनेपछि आन्तरिक र बाह्य पर्यटक हुरुक्कै भएपछि यहाँका घरबास (होमस्टे)ले पर्यटकको स्वागत सत्कारमा लालीगुराँस फूलको प्रयोग गर्न थालेपछि पाहुनाहरू मोहित भएका छन् ।

पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे घरबासमा पुग्ने पाहुनालाई त्यहाँको स्वागत सत्कारले निकै आकर्षित गर्ने गरेको छ । भकुण्डेको वनमा ढपक्कै फुलेको लालीगुराँस फूल टिपेर त्यहाँका स्थानीयले घरबासमा आउने पाहुनालाई स्वागत गर्ने गरेका छन् । बजारमा लालीगुराँस नदेखेका पर्यटकलाई राष्ट्रिय फूल लालीगुराँसले पर्यटकलाई थप मोहित पार्ने भन्दै चैतवैशाखमा लालीगुराँसले स्वागत गर्ने गरेको घरबासका सञ्चालक बताउँछन् ।

जिल्लामै पहिलोपटक २०६८ सालमा घरबासको स्थापना गरेका भकुण्डे गाउँका स्थानीय अहिले घरबासमा आउने पाहुनालाई रिझाउन व्यस्त हुने गरेका अतिथि सत्कार घरबासका सञ्चालक अप्सरा थापा बताउछिन् । मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक भकुण्डे आउने गरेका छन् । भकुण्डेमा हाल नौ घरमा घरबास कार्यक्रम सञ्चालन भइरहेको छ ।

# हिमाली क्षेत्रका तीन जिल्लाको मतपत्र ढुवानी हुन बाँकी

**काठमाडौं/मस**- हिमाली क्षेत्रका १५ जिल्लामध्ये तीन जिल्लाको मतपत्र ढुवानी गर्न बाँकी रहेको छ ।



मौसमका कारण अहिलेसम्म संखुवासभा, डोल्पा र गोरखाको मतपत्र ढुवानी हुन बाँकी रहेको छ । तीन जिल्लाका हिमाली भेगका मतदान केन्द्रका मतपत्र हेलिकप्टरबाट ढुवानी गर्नुपर्नेमा बिहीबार बेलुकीदेखि नै मौसमका कारण सम्भव हुन नसकेको जानकारी प्राप्त भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए ।

मौसमले साथ दिएसम्म तीनवटै जिल्लाको मतपत्र निर्वाचन अधिकृतको कार्यालयमा लैजाने गरी तयारी भइरहेको छ । मतपत्र ढुवानी भइसकेपछि तीनैवटा जिल्लाको मतगणना सुरु हुनेछ । यसैगरी, रसुवा, दोलखा, रुकुम (पूर्वी भाग), बाजुरा, बझाङ, हुम्ला, ताप्लेजुङ, मनाङ, मुस्ताङ, रुकुम (पश्चिमी भाग), सोलुखुम्बु र मुगुका हिमाली भेगका मतदान केन्द्रका मतपत्र भने जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा लगिसकिएको पनि उनले बताए ।

यस्तै, स्याङ्जा, दोलखा र धनुषा जिल्ला निर्वाचन क्षेत्र नं १ को मतगणना कानुनअनुसार गर्न पनि आयोगले निर्देशन दिएको जनाइएको छ । धनुषा जिल्ला निर्वाचन क्षेत्र नं १ मा घण्टीमा खसेको मत छुट्याएर राखी मतगणना गर्न आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

# मतगणना प्रक्रियालाई शान्तिपूर्ण बनाउनेतर्फ केन्द्रित हुन महानिरीक्षकको निर्देशन

**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रतिनिधिसभा सदस्यको जारी मतगणना प्रक्रियालाई शान्तिपूर्ण बनाउन उच्च मनोबलका साथ काम गर्न देशभरका प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका छन् । नेपाल प्रहरी प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यमद्वारा प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानपश्चात् अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा समसामयिक विषयवस्तुमा प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएका हुन् ।



प्रहरी महानिरीक्षक कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान प्रक्रियालाई शान्तिपूर्ण, भयरहित एवं निष्पक्ष वातावरणमा सफलतापूवर्क सम्पन्न गराउन सबै प्रहरी कर्मचारीहरूले उच्च मनोबलका एवं जिम्मेवारीबोधका साथ प्रदर्शन गरेको व्यावसायिकता प्रशंसनीय रहेको बताए ।

प्रहरी महानिरीक्षक कार्कीले मतगणनास्थलमा देखा पर्नसक्ने सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न सूचना संकलनलाई विशेष प्राथमिकतामा राखी आवश्यक सुरक्षा रणनीतिसहित प्रभावकारी प्रहरी परिचालनमा विशेष सतर्कता अपनाउन निर्देशन दिए ।

मतगणनास्थल, मतगणनाको परिणाम एवं विजयी दलको र्‍याली, जुलुसलगायतका क्रियाकलापमा कुनै पनि त्रुटि नहुने गरी थप संवेदनशील भई कार्य गर्नसमेत आग्रह गरे । उनले सामाजिक सञ्जालमा गलत सूचना तथा मिथ्या सूचना सम्प्रेषणमा संलग्नलाई कानुनी दायरामा ल्याउन थप सक्रिय रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिए ।



संखुवासभाको भोटखोला गाउँपालिका-१ स्थित दुर्गम उत्तरी क्षेत्र किमाथांकाबाट शुक्रबार सेनाको हेलिकप्टरमार्फत् मतपेटिका ल्याइँदै । **तस्बिरः भविन कार्की/रासस**

# अब बन्ने सरकारसँग पन्थीका १५ अपेक्षा- कडा कानुनदेखि पूर्वाधार विकाससम्म

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २२ फागुन

हालै सम्पन्न संसदीय निर्वाचनपछि नेपालमा नयाँ राजनीतिक शक्तिको उदय हुने संकेत देखिएको भन्दै विभिन्न क्षेत्रबाट नयाँ सरकारप्रति अपेक्षा व्यक्त हुन थालेका छन्। लामो समयदेखि दुई ठूला दलको विकल्प खोजिरहेका मतदाताले पछिल्ला वर्षमा उदाएका नयाँ शक्तिलाई विश्वास गरेर मत दिएको विश्लेषण गरिँदैछ ।

यसै सन्दर्भमा गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीले अब बन्ने सरकारले देशलाई सुरक्षित, समृद्ध र आत्मनिर्भर बनाउन केही महत्वपूर्ण क्षेत्रमा प्राथमिकता दिनुपर्ने बताएका छन् । उनले नयाँ सरकारले दीर्घकालीन योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने १५ वटा प्रमुख विषय अघि सारेका छन् ।

पन्थीका अनुसार महिला तथा बालबालिकामाथि हुने बलात्कारजस्ता जघन्य अपराध नियन्त्रणका लागि कानुन अझ कडा बनाइनु आवश्यक छ । यस्ता घटनामा छिटो अनुसन्धान र द्रुत न्याय सुनिश्चित गर्न विशेष अदालत तथा पीडित सुरक्षा प्रणाली प्रभावकारी बनाइनुपर्ने उनले बताए ।

पूर्वाधार विकासतर्फ ध्यान दिनुपर्ने उल्लेख गर्दै उनले नेपालको भौगोलिक अवस्थाअनुसार पहाडी क्षेत्रमा सुरुङमार्ग निर्माणलाई प्राथमिकता दिनुपर्ने बताए। मुख्य राजमार्गहरूलाई चौडा र सुरक्षित बनाउँदै सडकमा पर्याप्त स्ट्रिट लाइट, साइकल लेन र पैदलमार्गको व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

त्यस्तै देशका प्रमुख सहरहरूलाई



मेट्रो वा आधुनिक रेलमार्फत जोड्न सके यात्रु र मालसामान ढुवानी सहज हुने, आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने उनले बताए। स्थलरुद्ध देश भएकाले छिमेकी राष्ट्रसँग दीर्घकालीन सम्झौतामार्फत समुद्री बन्दरगाह प्रयोगको सहज पहुँच सुनिश्चित गर्नुपर्नेमा पनि उनले जोड दिएका छन् ।

राष्ट्रिय सुरक्षाका लागि सीमामा आधुनिक निगरानी प्रणाली स्थापना, सुरक्षाकर्मीको प्रभावकारी परिचालन तथा आवश्यक स्थानमा सुरक्षा संरचना निर्माण गर्नुपर्ने उनको भनाइ छ । यसले अवैध गतिविधि र तस्करी नियन्त्रण गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।

सामाजिक पूर्वाधारतर्फ उनले प्रत्येक सहर र बस्तीमा ज्येष्ठ नागरिकका लागि आरामदायी पार्क तथा बालबालिकाका लागि सुरक्षित चिल्ड्रेन पार्क निर्माण गर्नुपर्ने सुझाव दिएका छन् । यसले स्वस्थ र सकारात्मक सामाजिक वातावरण निर्माणमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

त्यसैगरी सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा सुनिश्चित गर्न सरकारी अस्पताल र विद्यालयलाई सुदृढ बनाउँदै आवश्यक जनशक्ति, उपकरण र पूर्वाधारमा लगानी बढाउनुपर्ने उनले बताएका छन् । विद्यालय स्तरबाटै नैतिकता, अनुशासन र सामाजिक जिम्मेवारीसम्बन्धी शिक्षा समावेश गर्नुपर्ने उनको धारणा छ ।

पर्यटन तथा पूर्वाधार विकासका सन्दर्भमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार विमानस्थलहरूको आधुनिकीकरण गर्नुपर्ने तथा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वस्तरीय आध्यात्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्नुपर्ने सुझाव पनि उनले दिएका छन् ।

पन्थीले नेपालमा रहेका ग्यास, फलाम, खनिज तथा अन्य प्राकृतिक स्रोतको वैज्ञानिक अध्ययन र उत्खननमार्फत उद्योग विकास, रोजगारी सिर्जना र राष्ट्रिय आम्दानी वृद्धि गर्न सकिने बताएका छन् ।

सरकारी सेवा प्रवाहलाई सहज बनाउन सबै सेवाहरूलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा ल्याउनुपर्ने उल्लेख गर्दै उनले यसले पारदर्शिता बढाउने र प्रशासनिक दक्षता सुधार गर्ने बताए ।

भ्रष्टाचार नियन्त्रणलाई देश विकासको मुख्य आधार मान्दै उनले 'भ्रष्टाचारप्रति शून्य सहनशीलता'को नीति कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिएका छन् ।

त्यस्तै नेपालका जडीबुटी, योग र आयुर्वेदलाई वैज्ञानिक अनुसन्धान र अन्तर्राष्ट्रिय ब्रान्डिङमार्फत विश्व बजारमा प्रवर्द्धन गर्न सकिने तथा उत्पादनमूलक उद्योग स्थापना गरेर युवाको विदेश पलायन रोक्नुपर्ने उनको सुझाव छ ।

उनका अनुसार यी क्षेत्रहरूमा स्पष्ट नीति, दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयन भएमा नेपाललाई सुरक्षित, समृद्ध र आत्मनिर्भर राष्ट्र बनाउने आधार तयार हुन सक्छ ।

# विराजभक्त भन्छन्- '४६ सालयताका सबै भ्रष्टाचारका फाइल खोल्छौं'



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा काठमाडौं क्षेत्र नम्बर ८ बाट नवनिर्वाचित सांसद विराजभक्त श्रेष्ठले २०४६ सालयताका सबै भ्रष्टाचार प्रकरणहरुको फाइल खोलेर देशलाई न्याय दिने उद्घोष गरेका छन् ।

शुक्रबार विजयी भएपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो उद्घोष गरेका हुन् । उनले आफ्नो जितलाई पदभन्दा पनि ठूलो जिम्मेवारीका रूपमा लिएको बताए। निकटतम प्रतिद्वन्द्वीभन्दा अत्याधिक फराकिलो बढी मत ल्याएर विजयी भएका श्रेष्ठले यो जित सुशासन, भ्रष्टाचार अन्त्य र परिवर्तनको पक्षमा जनताले दिएको बलियो जनादेश भएको प्रस्ट पारे । देशभर देखिएको रास्वपाको लहर र जनताको उत्साहजनक समर्थनबारे बोल्दै उनले यो आम नागरिकको परिवर्तनप्रतिको चाहना भएको बताए ।

उनले भने, 'संसदमा हाम्रो सानो संख्या हुँदा पनि सामर्थ्यले भ्याएसम्म भ्रष्टाचार र मानव तस्करीविरुद्ध डटेर आवाज उठायौं। त्यही बेला भएको 'जेन-जी' आन्दोलनले ताजा जनादेशको माग गर्‍यो । अहिलेको नतिजाले नेपाली नागरिक सुशासन र भ्रष्टाचारको अन्त्य चाहन्छन् भन्ने प्रमाणित गरेको छ । जनताले हामीले अपेक्षा गरेभन्दा बढी विश्वास गरेर ठूलो जिम्मेवारी सुम्पनुभएको छ । मानव तस्करीविरुद्धको फाइलबाट शुरु गर्दै २०४६ सालयताका सबै भ्रष्टाचारका काण्डहरूको फाइल खोलेर देशलाई न्याय दिनुपर्छ भन्ने मेरो व्यक्तिगत धारणा छ । यस विषयमा हामी पार्टी र संसदीय दलमा पनि गम्भीर छलफल गर्नेछौं ।'

आगामी योजना र संसदमा खेल्ने भुमिकाबारे स्पष्ट पार्दै उनले अबको प्रमुख दायित्व नीतिगत सुधार हुने बताए ।

अनावश्यक नीतिहरू खारेज गर्ने, भएका नीतिलाई परिमार्जन गर्ने र आवश्यक नयाँ नीतिहरू निर्माण गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित हुने उनको भनाइ छ । भ्रष्टाचारविरुद्ध कडा रूपमा प्रश्तुत हुने संकेत गरे । सम्पूर्ण मतदातालाई धन्यवाद दिँदै उनले देश बनाउने काम कुनै एक व्यक्ति वा दलको मात्र नभई सम्पूर्ण नेपालीको सामूहिक जिम्मेवारी भएको बताए ।

त्यसैगरी, पुराना राजनीतिक दलहरूप्रति टिप्पणी गर्दै श्रेष्ठले उनीहरूको विगतको लोकतान्त्रिक योगदानको कदर गरे । पुराना दलहरूले अहिलेको जनमत र नतिजालाई स्वीकार गरेको भन्दै उनले अहिलेसम्मको अनुभव र विशेषगरी राजनीतिमा 'के गर्नु हुँदैन' भन्ने सिकाइ हाम्रो नयाँ पुस्ता र समग्र देशका लागि मार्गदर्शन बन्ने बताए ।

# नागरिकको लागि सरकार छ भन्ने जिम्मेवारी महसुस गराउँछौं: अर्याल



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डोलप्रसाद अर्यालले नागरिकको लागि सरकार छ भन्ने अनुभुति गराउने जिम्मेवारी रास्वपामा आइरहेको प्रतिक्रिया दिएका छन् ।

पार्टीकी काठमाडौं-१ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित उम्मेदवार रञ्जु न्यौपानेलाई बधाई ज्ञापन गर्दै उनले यस्तो प्रतिक्रिया दिए ।

प्रारम्भिक मतगणनामा रास्वपाको पक्षमा लहर आएको भन्दै उनले अब मुलुकमा भ्रष्टाचारको अन्त्य गर्दै समृद्धि ल्याउनुपर्ने जिम्मेवारी समेत रास्वपाको काँधमा आइसकेको प्रतिक्रिया दिए ।

उनले भने,'हामी सबै जना मिलेर यो देशमा समृद्धि ल्याउनुपर्नेछ, सुशासन कायम गर्नुपर्नेछ । भ्रष्टाचार अन्त्य गर्नुपर्नेछ । जनतालाई डेलिभरी र डेभलपमेन्टको महशुस गराउनुपर्नेछ र जनतालाई मेरो लागि सरकार छ भन्ने अनुभूति गराउने जिम्मेवारी रास्वपामा आउँदै गरेको छ । साथ र सहयोगको लागि सबै मतदातामा धेरै धेरै धन्यावाद ।'

उनले देशभरका मतदातामा धन्यावाद समेत ज्ञापन गरे ।

# अब जनताको अपेक्षा पूरा गर्ने बेला आएको छ : शिशिर खनाल



**काठमाडौं/मस-** प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं क्षेत्र नं ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपाका) का तर्फबाट नवनिर्वाचित शिशिर खनालले अब जनताको अपेक्षा पूरा गर्ने बेला आएको बताए ।

जनताले ठूलो आशा तथा भरोसाका साथ आफू र रास्वपा पार्टीलाई विजयी गराएकामा धन्यवाद दिँदै उनले देशलाई सुशासन र समृद्धिको बाटोमा लैजान जिम्मेवार पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, 'जेनजी पुस्ताले हामीमाथि भरोसा गरेकै कारण यति सफल हुन सकिएको हो ।' खनाल २७ हजार ७१९ मत ल्याएर विजयी भएका हुन् ।

# सञ्चार उद्यमी मानन्धरलाई पत्नी शोक



काठमाडौं/मस- वरिष्ठ सञ्चार उद्यमी रामकृष्ण मानन्धरलाई पत्नी शोक परेको छ । इमेज च्यानलका संस्थापक अध्यक्ष तथा मिडिया एलाइन्सका सल्लाहकार मानन्धरकी धर्मपत्नी इन्दिरा मानन्धरको शुक्रबार बिहान ८३ वर्षको उमेरमा निधन भएको हो । इमेज च्यानलकी संस्थापक उपाध्यक्ष रहेकी स्व मानन्धरका ३ छोरी र १ छोरा छन् ।

# जनअभिमत नै अन्तिम र सर्वोच्च : एमाले सचिव भट्टराई



**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव डा.राजन भट्टराईले आफ्नो पार्टीले लोकतन्त्रमा जनअभिमत नै अन्तिम र सर्वोच्च हुन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै आएको बताएका छन् ।

प्रतिनिनिधिसभा सदस्य निर्वाचनको जारी मत गणनामा एमाले पार्टी पछाडि परेको सन्दर्भमा काठमाडौं क्षेत्र नं ४ बाट एमालेका तर्फबाट उम्मेदवारसमेत रहेका सचिव भट्टराईले परिणाम स्वीकार गर्दै विजयोन्मुख उम्मेदवार र दललाई बधाई दिए ।

नेता भट्टराईले सामाजिक सञ्जालमार्फत आज भने,'मलाई थाहा छ, राजनीतिमा पराजय अन्तिम सत्य होइन, यो आत्मसमीक्षा र नयाँ पाठ सिक्ने अवसर पनि हो ।'

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु




**नवलपुर (नवलपरासी)/मस-** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रबार साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गत कालीगण्डकी चोकमा ना५ख ९००६ नम्बरको ट्रकले ना२८प ४२६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काले दुर्घटनामा करिब ३५ वर्षीय युवकको मृत्यु भएको जानकारी दिए ।

दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालकको उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेजमा पठाइएकामा चिकित्सकले मृत घोषणा गरेका उनले बताए ।

दुर्घटनामा मृत्यु हुने मोटरसाइकल चालकको परिचय नखुलेको खड्काले जानकारी दिए । दुर्घटनामा संलग्न ट्रक चालक भक्तपुरको भक्तपुर नगरपालिका-७ का ४२ वर्षीय आशकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको उनले बताए ।

ठाउँका कुरा...

# पोखरामा अटो भिलेजको परिकल्पना



■ झलक शर्मा

अटो भिलेजको निर्माणका लागि पोखरा महानगरपालिका एक्लैले सक्दैन, त्यसका लागि निजी क्षेत्रको सहयोग आवश्यक पर्दछ । स्थानीय बासिन्दा, युवा क्लब, वातावरणविद् सरोकारवाला, महिला समूह, नागरिक समाज, सञ्चारमाध्यमको सहकार्य र समन्वयबाट मात्रै यस्ता योजनाहरूलाई पूर्णता दिन सम्भव हुन्छ ।

पर्यटकीय राजधानी पोखरा आम विश्वसामु सुपरिचित रहेको छ । प्राकृतिक, धार्मिक, सांस्कृतिक रूपमा सुसम्पन्न पोखराले सबैको मन जित्न सफल भएको छ । बाह्य तथा आन्तरिक पर्यटकको प्रमुख गन्तव्य पोखरा नै हुने गरेको छ । यसको सौन्दर्यीकरणमा रमाउने जनमानसको संख्या पनि दिनानुदिन बढ्दै गएको पाइन्छ । यो सुन्दरभूमि आजभोलि बढ्दो सहरीकरण, औद्योगीकरण र अनियन्त्रित बसाइँसराइको समस्यामा पनि फस्दै गएको पाइन्छ । पोखरा महानगरपालिका मुलुकका ६ वटा महानगरपालिका मध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो महानगरपालिका पोखरा नै रहेको छ । जसको क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस महानगरपालिकाको कुल जनसंख्या ५,१३,५०४ रहेको छ । वि.सं. २०१६ सालमा नगरपालिका, २०५२ सालमा उपमहानगरपालिका र त्यसैगरी २०७३ सालमा पोखरा महानगरपालिकाको रूपमा स्थानीय सरकारको भूमिकामा रहँदै आएको छ । महानगरपालिकाले पोखराको सौन्दर्यतालाई जोगाइराख्न विभिन्न समयमा विभिन्न मापदण्डहरू लागू गर्दै आएको छ ।

हालसालै पोखरा महानगर क्षेत्रभित्र पर्ने पृथ्वी राजमार्गको कोत्रेदेखि सेती पुलसम्म, सिद्धार्थ राजमार्गको पृथ्वीचोकदेखि छोरेपाटनसम्म, पोखरा-बाग्लुङ राजमार्गको जिरो किलोमिटरदेखि फेदीसम्म र नगर क्षेत्रका प्रमुख सडकहरूको दायाँ-बायाँका सटर तथा खाली जग्गामा सञ्चालन भइरहेका वर्कसप, गाडी धुने घर, ग्रिल उद्योग, कवाडी संकलन केन्द्रका कारण सवारी आगमनमा कठिनाइ भएको, सहरी सौन्दर्यमा खलल पुगेको र वातावरणीय स्वच्छता कायम गर्न प्रतिकूल असर परेकोले यस्ता प्रकृतिका उद्यम व्यवसायहरू अन्यत्र व्यवस्थापन गर्न आग्रह गरेको छ । बढ्दो सहरीकरण, अव्यवस्थित बजार, ट्राफिक जाम, गाडी मर्मत तथा धुने क्रममा बग्ने माटो, मोविलको लेदोले सहरलाई कुरूप र दुर्गन्धित बनाउँदै लगेको देखिन्छ । यस्ता प्रकृतिका क्रियाकलापले मानवीय स्वास्थ्यमा प्रत्यक्ष असर पारेको हुन्छ । डेङ्गु, आँखा पाक्ने रोग, स्वासप्रस्वास सम्बन्धी रोगहरू समुदायमा महामारीको रूपमा फैलने सम्भावना रहेको हुन्छ । झन् पोखरा अन्तर्राष्ट्रिय विमानस्थलकै प्रवेश र बहिर्गमन द्वार नजिक जथाभावी वर्कसपहरू सञ्चालनमा रहेका छन् । यसले झन् पर्यटक, पाहुनाहरूलाई नकारात्मक सन्देश दिने गरेको छ । वर्कसप स्थानान्तरण सम्बन्धी पोखरा महानगरपालिकाले उठाएको यस्तो कदमले सर्वोपरी हित हुने अपेक्षा आम पोखरेलीबासीको रहेको छ ।

महानगरपालिकाले २०७८ सालमा नै अटो भिलेज निर्माणको परिकल्पना गरी उपयुक्त जग्गा खोजी गर्न समिति गठन गरेको थियो, तर तत्कालीन जनप्रतिनिधिको समयावधि समाप्त भएपछि उक्त कार्यले पूर्णता पाउन सकेन । पुनः २०८० सालमा महानगरपालिकाले तीन प्रकारको अटो भिलेज बनाउने योजना अघि सारेको थियो । जसमा दुईपाङ्गे, चारपाङ्गेका साना सवारी र चारपाङ्गेकै ठूला (हेभी) सवारी साधनको अटो भिलेज निर्माण गर्ने सोच राखेको थियो । यसले



पूर्णता पाएमा पोखरामा अटो सम्बन्धी सेवाग्राही, सेवाप्रदायक व्यवसायीहरूलाई सहज हुने देखिन्छ भने सेवाग्राही ठगिने, सेवामा लापरबाही हुने प्रवृत्तिको अन्त्य हुन सक्छ ।

सडक पेटीमै ग्यारेज, गाडी मर्मत तथा सफाइ गर्दा पैदल यात्रीलाई निकै सकस हुने गरेको छ । सहज रूपमा हिँडडुल गर्ने देखि लिएर गाडी सफा गरेको फोहोर पानी जिउमा पर्ने, धुवाँधुलो नाकमुखमा पस्ने जस्ता जोखिम रहिरहेको छ । फुटपाथमा हिँड्दा समेत गाडीको ठक्करको त्रास हुने गरेको पाइन्छ । गाडी मर्मत केन्द्रका मिस्त्री, मर्मतकर्ताले गाडी परीक्षणका लागि सडकमा अनियन्त्रित रूपमा सवारीसाधन गुडाउने गर्दा सवारी दुर्घटना हुने जोखिम उत्तिकै हुन्छ । ग्राउन्ड क्रेज, हाइड्रोजन र जलवायु परिवर्तनका कारण हाल भइरहेका नालाहरूले बर्सातको पानी थेग्न नसकेका कारण विपद्जन्य घटनाहरू घट्न सक्ने खतरा बढेको छ । ध्वनि प्रदूषणले नजिक तथा आसपासका बासिन्दालाई झर्को लाग्ने अवस्थामा पीडित छन् । अनुमति विना सवारी साधनको हर्न, गाडीको स्वरूप परिवर्तन गर्ने कार्यले समाजलाई त्रसित बनाउँदै आएको छ । विशेषगरी युवापुस्तामा मोटरसाइकलमा चर्को आवाज आउने गरी बाइकमा साइलेन्सरको प्रयोग गर्ने, अनावश्यक पेन्टिङ गर्ने, लुकिङ ग्लास प्रयोग नगर्ने, सक उठाउने, ह्याण्डल परिवर्तन गरी चलाउने दुश्साहस देखिन्छ । यस्तो निषेधित कार्यले ध्वनि प्रदूषणदेखि दुर्घटनाको जोखिम निम्त्याउने गरेको छ । यस्तो प्रवृत्ति नियन्त्रण गर्न सवारी तथा यातायात व्यवस्था ऐन २०४९ बमोजिम कारबाही गरिनु पर्दछ ।

पोखरा महानगरपालिकाको आ.व. २०८२/०८३ को बजेट वक्तव्यमा सहरी सुन्दरतामा प्रतिकूल असर गर्ने सवारी साधन मर्मत गर्ने वर्कसपहरूलाई एकै स्थानमा व्यवस्थित गर्न अटो भिलेजको स्थापनाका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छ । बजेटको प्रमुख उद्देश्य नै पर्यटकीय राजधानी पोखराको पर्यटकीय पूर्वाधारको विकास गर्नुका साथै फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनमार्फत प्रदूषण नियन्त्रण गर्ने रहेको छ । पोखरा महानगरपालिकाको नीति तथा कार्यक्रममा सहरी सुन्दरता अभिवृद्धि गर्न घनावस्ति क्षेत्रमा रहेका वर्कसप र कवाडी संकलन केन्द्रहरूलाई निश्चित क्षेत्र तोकी स्थानान्तरण गर्न सहुलियत प्रदान गरिनेछ भनी उल्लेख गरिएको छ ।

'तपाईं हाम्रो रहर, स्वच्छ महानगर' भन्ने नारालाई सार्थकता दिन क्लिन सिटी, ग्रीन सिटी पोखरालाई स्वच्छ हराभरा बनाई हरित सहरका रूपमा विकास गर्न सबै पक्षको जोडबल आवश्यक हुन्छ । सडक, पुल, बसपार्क, पार्क, उद्यान, चौतारो, सार्वजनिक स्थलहरूमा हुने फोहोर नियन्त्रण गर्नु पर्दछ । सहरी सौन्दर्यतामा आँच आउने गरी होर्डिङ बोर्डहरू राख्ने कार्यलाई निरुत्साहित गर्नु पर्दछ । सवारी प्रदूषण परीक्षण गरी सडकमा गुड्ने गाडीहरूको स्वच्छ वातावरण निर्माणमा ध्यान पुऱ्याउनु आवश्यक छ । वि.सं. २०६७ सालमा पनि तत्कालीन पोखरा उपमहानगरपालिकाले कालो प्लास्टिकको झोला हानिकारक भएको ठहर गर्दै त्यसको प्रयोग र व्यापारमा प्रतिबन्ध लगाएको थियो । आजभोलि बजारमा कालो प्लास्टिकको प्रयोग हटिसकेको पाइन्छ भने पूर्ण रूपमा अन्य प्लास्टिकका झोला, गिलासहरू भने प्रतिबन्धित गर्न सकिएको छैन । त्यसका लागि निश्चित मापदण्ड लागू गर्ने र सो सम्बन्धमा जनचेतना फैलाउने कार्यलाई निरन्तरता दिनु पर्दछ ।

वर्कसप, कवाडी संकलन केन्द्रलाई स्थानान्तरण गर्दा त्यस व्यवसायमा लगानी गर्ने लगानीकर्ता एवं उद्यमीहरूको लगानी र क्षतिपूर्तिबारे महानगरपालिकाले सोच्नु पर्दछ । अटो भिलेजको निर्माणका लागि पोखरा महानगरपालिका एक्लैले सक्दैन, त्यसका लागि निजी क्षेत्रको सहयोग आवश्यक पर्दछ । स्थानीय बासिन्दा, युवा क्लब, वातावरणविद् सरोकारवाला, महिला समूह, नागरिक समाज, सञ्चारमाध्यमको सहकार्य र समन्वयबाट मात्रै यस्ता योजनाहरूलाई पूर्णता दिन सम्भव हुन्छ । अटो भिलेजको परिकल्पना गर्दा सवारी साधनमा आउने आपतकालीन समस्याबारे पूर्वानुमान गर्नु र विकल्प सोच्नु आवश्यक छ । पोखरामा पनि राजधानी काठमाडौं जस्तै ट्राफिक जाम, वायुमण्डलमा पनि धुवाँधुलोको मात्रा बढी देखिन थालेको छ । तसर्थ पोखराको सौन्दर्यतालाई जोगाउन वातावरणमैत्री विकासमा जोड दिनु जरुरी छ ।

कविता

# युवाको काँधमा देश



प्रदिप मगर

हामी युवा हौँ, संख्यामा मात्र होइन-
सपना, साहस र सवालमा ।

प्रतिशतको आँकडामा मात्र पनि होइन,
युवा परिवर्तनको नाडी हो
जो देशको मुटुमा धड्किरहन्छ ।

हिजो राणा शासन ढलेको दिन,
बहुदलको नारा गुन्जिएको रात,
राजतन्त्रको अन्त्यको क्षण,
र आज- जेनजीको प्रश्नले काँपेको सडक
सबै ठाउँमा, हामी नै थियौँ
अग्रपंक्तिमा, निडर ।

तर, हामीले हरेक आन्दोलन जित्यौँ,
नेतृत्व हारेका छौँ ।
ऊर्जा दियौँ, पाठ सिकायौ
संरचना पाएनौँ ।
यही पीडा हो, हाम्रो पुस्ताको मौन चिच्याहट ।

हामी प्रश्न गर्छौं-
भ्रष्टाचार कहिले अन्त्य हुन्छ ?
किन असमानता अझै बाँकी छ ?
किन राजनीति जबाफदेही छैन ?
किन भविष्य हाम्रै देशमा खोज्दा
भिसाको लाइनमा भेटिन्छ ?

हामी डिजिटल पिँढी हौँ-
हातमा मोबाइल, आँखामा संसार,
दिमागमा नयाँ सोच ।
पुराना संस्कारलाई
आदर गर्छौं, तर ढिलाइलाई होइन ।

यदि सीपलाई अवसर मिल्यो भने,
अनुदानले सपना छोयो भने,
नीतिले युवालाई विश्वास गऱ्यो भने-
यही हातले स्टार्टअप उठाउँछ,
यही सोचले अर्थतन्त्र चलाउँछ ।

गाउँमा योजना, नगरमा बजेट,
संघमा नीति- जहाँ निर्णय हुन्छ
त्यहीँ युवाको उपस्थिति चाहिन्छ ।
परिवर्तन भाषणले होइन, जिम्मेवारीले हुन्छ ।

तर सम्झ, विकासभन्दा ठूलो कुरा
चरित्र हो ।
इमानदारी हाम्रो पहिचान,
परिश्रम हाम्रो राजनीति,
उत्तरदायित्व हाम्रो नारा ।

हामी गाली होइन, समाधान खोज्ने
पुस्ता बनौँ ।
निराशा होइन, नवप्रवर्तन बनौँ ।
भाग दौड होइन, दृष्टि बनाऔँ ।

आज संसार डिजिटल छ,
हामी पनि छौँ ।
यदि प्रविधि
शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनमा
सहीसँग जोडियो भने
नेपाल ढिलो होइन,
छिटो उड्न सक्छ ।


प्रश्न एउटै छ- देश बदल्ने कि
निराशामा बस्ने ?
अवसर सिर्जना गर्ने कि गुमाउने ?

युवाको हातमा
परिवर्तनको आँधी छ,
विकासको गति छ,
भविष्यको नक्सा छ ।

भोग्ने होइन, बुझ्ने र बदल्ने पुस्ता बनौँ ।
किनकि अब देशको कथा
हाम्रो काँधमा लेखिँदै छ ।

कथा

# बगरको उज्यालो



■ समर शर्मा

*'बाबु,' उनले भने, 'आजकल गाउँका मानिसहरू तिम्रो कुरा धेरै गर्छन् ।' आकाश अलि लजायो । 'किन र ?' बुबाले बिस्तारै भने, 'तिमीले सुरू गरेको बजारले धेरैको घरमा उज्यालो ल्याएको छ ।' आकाश केही क्षण मौन रह्यो । नदीको पानी बिस्तारै बगिरहेको थियो ।*

कर्णाली नदीको किनारमा एउटा सानो बस्ती थियो- बगरटोल । चारैतिर पहाडले घेरेको, बिचबाट बग्ने निलो पानी र साँझ पर्दा गाउँभरि सुनिने कुकुरको भुकाइ । त्यो बस्तीमा जन्मिएको थियो आकाश ।

आकाश सानैदेखि शान्त स्वभावको केटो थियो । ऊ धेरै बोल्दैनथ्यो, तर धेरै कुरा देख्थ्यो, सोच्थ्यो । बिहान स्कुल जानुअघि बाख्रा चराउन लैजानु, बेलुका घर फर्केर आमालाई पानी ल्याउन सघाउनु- यही उसको दैनिक जीवन थियो ।

उसका बुबा पहिले गाउँकै मिलमा काम गर्थे । तर मिल बन्द भएपछि काम पनि बन्द भयो । त्यसपछि कहिले मजदुरी, कहिले जंगलबाट दाउरा काटेर बेच्नु- यही गरेर घर चलाउनुपर्थ्यो ।

आकाशले धेरै पटक देखेको थियो- बुबा थाकेर घर फर्कँदा आमाको अनुहारमा चिन्ता झल्किन्थ्यो ।

'कहिलेसम्म यस्तो चल्छ होला ?' आमा बिस्तारै भन्थिन् ।

आकाश चुपचाप सुनिरहन्थ्यो । त्यो बेला उसले मनमनै एउटा प्रश्न सोध्थ्यो, 'के हाम्रो गाउँ कहिल्यै बदलिँदैन ?'

समय बित्दै गयो । आकाशले एसएलसी पास गऱ्यो । गाउँका धेरै साथीहरू सहर तिर लागे- कोही काम खोज्न, कोही विदेश जाने सपना बोकेर ।

आकाशलाई पनि धेरैले भने, 'यहाँ के छ र बस्ने ? सहर जाऊ, केही त पाइन्छ ।'

तर उसले तुरुन्त निर्णय गरेन । ऊ अझै केही समय गाउँमै बस्न चाहन्थ्यो ।

एक दिन बिहान ऊ नदी किनार हुँदै हिँडिरहेको थियो । उसले देख्यो- गाउँका धेरै किसानहरू आफ्ना तरकारी बोकेर बजार जान खोजिरहेका थिए, तर बाटो राम्रो नभएकाले धेरै सामान बिचमै बिग्रिरहेको थियो ।

कसैले भने, 'यदि यहाँ नजिकै बजार हुन्थ्यो भने राम्रो हुन्थ्यो ।'

त्यो कुरा आकाशको मनमा गढेर बस्यो । केही दिनपछि उसले गाउँका केही युवाहरूलाई बोलायो ।

'हामीले आफैँ सानो साप्ताहिक बजार सुरु गरे कस्तो होला ?' उसले प्रस्ताव राख्यो ।

सुरुमा सबै अलमलमा परे ।

'बजार ? यहाँ ?'

'कसले किन्छ र ?'

'काम लाग्दैन होला ।'

तर आकाश हार मानेन ।

'हामीले सुरु गरौँ, नचल्ने भए बन्द गरौँला ।'

अन्ततः पाँच जना युवक तयार भए ।

नदी किनारको खाली बगरमा उनीहरूले बाँस गाडेर सानो टहरा बनाए । शनिवारको दिनलाई बजारको दिन तोकियो ।

पहिलो हप्ता जम्मा तीन वटा पसल थिए- एक जना तरकारी, एक जना अन्न र अर्को चियाको भाँडो ।

मानिसहरू जिज्ञासाले हेर्न आए, तर धेरै किनमेल भएन ।

दोस्रो हप्ता भने अलि फरक भयो । छिमेकी गाउँका केही मानिस पनि आए । कसैले अचार ल्यायो, कसैले मकै, कसैले कुखुरा ।

बिस्तारै त्यो सानो प्रयासले आकार लिन थाल्यो । तीन महिनापछि शनिवारको बगर बजार गाउँकै मुख्य भेटघाट स्थल बन्यो । किसानहरूले आफ्नो उत्पादन सजिलै बेच्न थाले । महिलाहरूले घरमा बनाएको अचार, ढिँडोको पीठो, गुन्द्रुक ल्याएर बेच्न थाले ।

एक दिन साँझ बजार सकिएपछि आकाश नदी किनारमा बसिरहेको थियो । घाम पहाड पछाडि लुकेको थियो । बगरमा बाँकी रहेका खुट्टाका डोब र पसलका टहरा हेर्दै ऊ चुपचाप मुस्कुरायो ।

त्यही बेला उसका बुबा आए ।

'बाबु,' उनले भने, 'आजकल गाउँका मानिसहरू तिम्रो कुरा धेरै गर्छन् ।'

आकाश अलि लजायो । 'किन र ?'

बुबाले बिस्तारै भने, 'तिमीले सुरु गरेको बजारले धेरैको घरमा उज्यालो ल्याएको छ ।'

आकाश केही क्षण मौन रह्यो । नदीको पानी बिस्तारै बगिरहेको थियो ।

'बुबा,' उसले भन्यो, 'म त बस एउटा कुरा सोच्थेँ- यदि हामीले केही गरेनौँ भने हाम्रो गाउँ कहिल्यै बदलिँदैन ।'

बुबाले टाढा बगरतिर हेरे ।

त्यहाँ केही महिला अझै बाँसका टहरा समेटिरहेका थिए । केही केटाकेटी हाँस्दै खेलिरहेका थिए ।

बुबा मुस्कुराए ।

'कहिलेकाहीँ,' उनले भने, 'ठूलो परिवर्तन सुरु हुन धेरै ठूलो कुरा चाहिँदैन रहेछ । एउटा सानो सोच र हिम्मत भए पुग्दो रहेछ ।'

आकाशले आकाशतिर हेरे । साँझको निलो आकाशमा पहिलो तारा टल्किन थालेको थियो ।

उसलाई लाग्यो- गाउँ अझै सानो थियो, समस्या अझै धेरै थिए । तर अब एउटा कुरा बदलिएको थियो, मानिसहरूमा आशा पलाउन थालेको थियो । र त्यो आशा नै बगरको सबैभन्दा ठूलो उज्यालो बनेको थियो ।

# निर्वाचनले मुलुक र संविधान जोगायो : गृहमन्त्री

**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले हालै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनले मुलुक, मानवता र संविधान जोगाएको बताएका छन् ।



निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र विगतको भन्दा निकै गुणस्तरीय भएको दाबी गर्दै उनले यसले राजनीतिक सुशासनको नयाँ मानक स्थापित गरेको बताएका हुन् ।

गृहमन्त्री अर्यालकाअनुसार यदि निर्वाचन हुन नसकेको भए देश, मानवता र संविधान सबै गम्भीर जोखिममा पर्ने अवस्था थियो । यस पटकको निर्वाचनमा रगतको एक थोपा पनि नबगेको उल्लेख गर्दै उनले वर्तमान सरकार गठन भएदेखि नै राजनीतिक हिंसाको अन्त्य भएको दाबी गरे ।

विगतका निर्वाचनहरूमा धेरै ठाउँमा झडपका कारण मतदान स्थगन गर्नुपर्ने र पुन: चुनाव गराउनुपर्ने बाध्यता रहे पनि यसपटक देशभर एकैचोटी शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको उनले जानकारी दिए । यसलाई चुनावी सरकारको ठूलो सफलता मान्दै उनले अब राजनीतिक सुशासनका लागि नयाँ मानक तय भएको स्पष्ट पारे ।

# उदयपुरमा रास्वपाको अग्रता

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २२ फागुन

प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत उदयपुर क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रता लिएको छ । निर्वाचन क्षेत्र १ मा कुल मतदाता १ लाख ४२ हजार ८ सय ४ रहेको छ भने जम्मा खसेको मत १० हजार ७ सय ३७ र कुल बदर मत ८ सय ३० तथा कुल सदर मत ९ हजार ९ सय ७ रहेको छ । जिल्ला मुख्य निर्वाचन अधिकृतको कार्यालयको शुक्रबार राती ८ बजेसम्म जारी मतगणनाको तथ्यांक अनुसार उक्त क्षेत्रमाराष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार पारसमणि गेलालले ३ हजार ४ सय ६१ मत प्राप्त गरेको उदयपुर जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयको मुख्य निर्वाचन अधिकृत मुकेश उपाध्यायले जानकारी दिए । यस्तै श्रम संस्कृसती पार्टीका उम्मेदवारले १ हजार ८ सय ९९



तथा नेकपा एमालेका उम्मेदवार दुर्गा कुमार थापाले १ हजार ५ सय ७५ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार बलदेव चौधरीले १ हजार २ सय ४१ मत प्राप्त गरेका छन् ।

उक्त क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार बिदुर बस्नेतले १ हजार १ सय ८० स्वतन्त्र उम्मेदवार देबराज रोकाले १८ मत प्राप्त गरेका छन् ।राप्रपाका सुवाश चन्द्र खड्काले १ सय ३४ नेमकिपाका विष्ण खत्रीले ९,राष्ट्रिय जनमोर्चाका तिल कुमार राई ६, मंगोल नेशनल अर्गनाईजेशनका बद्री विक्रम राईले १९ मत प्राप्त गरेका छन् । त्यसैगरी संयुक्त नागरिक पार्टीका सुरेश राईले २१ मत,नेपाल जनमुक्तिीका गोकर्ण राईले १०, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अमृत बहादुर खत्रीले १२ मत प्राप्त गरेका छन् ।

उज्यालो नेपाल पार्टीका अर्जुन तामाङले ९५,नेपाली जनता दलका कुशेश्वर चौधरीले १२,जसपाका गणेश कुमार राईले १ सय ९७ मत, आम जनता पार्टीका मनोज पौडेलले १०,नागरिक सर्वोच्चता पार्टी नेपालका प्रशान्त राईले ८ मत प्राप्त गरेका छन् ।

# अझ जिम्मेवार भएर देशको सेवा गर्ने उनेपाका अध्यक्ष घिसिङको प्रतिबद्धता

**काठमाडौं/मस–** उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले आगामी दिनमा अझ जिम्मेवार र सक्रिय भएर देश र जनताको सेवामा लाग्न प्रेरणा दिएको बताएका छन् ।

काठमाडौं क्षेत्र नं ३ बाट पराजित भएपछि सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै अध्यक्ष घिसिङले विजयी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजुनाथ पाण्डेलाई बधाई दिँदै आफूलाई मत दिने मतदाताहरुलाई आभार व्यक्त गरेका छन् ।

'चुनावको परिणाम जे जस्तो भए पनि यस क्षेत्रको समग्र विकास, सुशासन, समृद्धिसहितको उज्यालो नेपाल निर्माणका लागि आगामी दिनमा थप सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछु । मेरा पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता तथा समर्थकलाई सहयोगका लागि धन्यवाद दिन्छु ।



सबैको साथ, माया र विश्वासले मलाई आगामी दिनहरूमा अझ जिम्मेवार र सक्रिय भएर देश र जनताको सेवामा लाग्न प्रेरणा दिएको छ ।'

उनले सबै मिलेर उज्यालो, समृद्ध र सुशासित नेपाल निर्माणको यात्रालाई निरन्तर अगाडि बढाउने विश्वास पनि लिए ।

# कतारी नौसेना बहराइनमा सुरक्षित

**काठमाडौं/एजेन्सी–** कतारले बहराइनमा इरानी आक्रमण भए पनि कतारी नौसेना सदस्यहरू सुरक्षित रहेको जनाएको छ । कतारले यस घटनाको कडा निन्दा पनि गरेको छ ।

कतारको परराष्ट्र मन्त्रालयले विज्ञप्तिमा भनेको छ,' कतारले बहराइनका विभिन्न भवनहरूलाई लक्षित गर्दै गरिएको इरानी आक्रमणको कडा निन्दा गर्दछ । ती भवनहरूमा गल्फ सहयोग परिषदको एकीकृत सैन्य कमान्ड अन्तर्गत समुद्री सञ्चालन केन्द्रमा कार्यरत कतारी नौसेना सदस्यहरू थिए ।'

विज्ञप्तिमा थप भनिएको छ, 'लक्षित भवनमा रहेका सबै नौसेना सदस्य सुरक्षित छन् र उहाँहरूमा कुनै चोटपटक पुगेको छैन ।'

बहराइनले बिहानै जानकारी दिँदै इरानले राजधानी मनामा एउटा होटल र दुई आवासीय भवनमा हमला गरेको भनेको थियो । यसअघि उनीहरूले दुई होटल र एउटा आवासीय भवन आक्रमित भएको बताएका थिए, तर पछि तथ्य मिलाइएको थियो ।

उक्त हमला त्यतिबेला भएको हो, जब इरानले बहराइनको मुख्य सरकारी तेल प्रशोधन कारखानामा मिसाइल आक्रमण गरी आगो लगाएको थियो । सुरक्षा निकायले आगो नियन्त्रणमा ल्याएको र मानवीय क्षति नभएको जनाएको छ ।

गत शनिबारदेखि इरानले गल्फ क्षेत्रमा आक्रमण सुरु गरेपछि कम्तीमा १३ जनाको मृत्यु भएको छ, जसमा सात जना सामान्य नागरिक छन् । अमेरिकाले पनि छ जना सैनिकको मृत्यु भएको जनाएको छ, जसमा चार जना कुवेतमा थिए ।

कतारले यस आक्रमणलाई अस्वीकार्य ठहराउँदै अन्तर्राष्ट्रिय कानुन र मानवीय मूल्यको सम्मान



गर्न सबै पक्षलाई आग्रह गरेको छ। कतारको भनाइ अनुसार, आफ्नो नौसेनालाई लक्षित गर्दै गरिएको कुनै पनि हिंसात्मक कदमले क्षेत्रीय स्थिरतालाई जोखिममा पार्छ ।

**इरानी जहाजमा मानवीय उद्धारमा श्रीलंकाको सक्रिय पहल**

श्रीलंकाले आफ्नो समुद्री क्षेत्र बाहिर रोकिएको इरानको एक जहाजलाई नियन्त्रणमा लिएर त्यसमा रहेका दुई सयभन्दा बढी नाविकलाई किनारतर्फ ल्याउन थालेको छ । उक्त जहाजले सहयोगको अनुरोध गरेपछि शुक्रबार श्रीलङ्काले मानवीय सहयोग स्वरूप उद्धार कार्य सुरु गरेको हो ।

श्रीलंकाको नौसेनाका प्रवक्ताले दिएको जानकारी अनुसार जहाजमा रहेका नाविकहरूलाई पहिले कोलम्बो बन्दरगाहमा ल्याइँदैछ । स्वास्थ्य परीक्षण तथा अध्यागमन प्रक्रिया पूरा भएपछि उनीहरूलाई कोलम्बोबाट करिब बीस किलोमिटर उत्तरमा रहेको वेलिसारा नौसैनिक शिविरमा राखिनेछ ।

यस घटनाअघि बुधबार श्रीलङ्काको तट नजिकै अमेरिकी पनडुब्बीले इरानको अर्को युद्धपोत डुबाएको थियो । दोस्रो विश्वयुद्धपछि पनडुब्बीबाट सतहमा रहेको युद्धपोत डुबाइएका दुर्लभ घटनामध्ये यो एक मानिएको छ । यस घटनाले इरान विरुद्ध अमेरिकाको सैन्य अभियान अझ विस्तार भएको संकेत गरेको छ ।

डुबाइएको उक्त युद्धपोत यसअघि भारतले आयोजना गरेको नौसैनिक अभ्यासमा सहभागी भएको थियो । त्यस अभ्यासमा विश्वका करिब चौहत्तर देश सहभागी भएको भारतीय रक्षा मन्त्रालयले जनाएको थियो ।

डुबेको जहाजबाट भारतीय नौसेनाले आपतकालीन सन्देश प्राप्त गरेपछि खोज तथा उद्धार अभियान सुरु गरेको थियो । तर त्यसअघि नै श्रीलङ्काको नौसेनाले आफ्नो उद्धार कार्य प्रारम्भ गरिसकेको थियो ।

श्रीलङ्काको नौसेनाले उक्त घटनापछि बत्तीस नाविकलाई जीवित उद्धार गरेको र सत्तासी जनाको शव फेला पारेको जनाएको छ । इरानका परराष्ट्र मन्त्रीका अनुसार जहाजमा करिब एक सय तीस जना चालक दलका सदस्य थिए ।

इरानले यो घटनालाई समुद्रमा गरिएको अमानवीय आक्रमण भन्दै कडा आलोचना गरेको छ ।

श्रीलंकाका राष्ट्रपतिले इरानी जहाजको इन्जिन बिग्रिएपछि जहाजले सहयोग मागेकाले अन्तर्राष्ट्रिय समुद्री कानुन अनुसार सहायता प्रदान गरिएको बताए । जहाजलाई पछि श्रीलङ्काको उत्तर-पूर्वी भागमा रहेको अर्को बन्दरगाहतर्फ लैजाने योजना रहेको छ ।

राष्ट्रपतिले युद्धका कारण निर्दोष नागरिकको ज्यान जानु दुखद भएको भन्दै प्रत्येक मानव जीवन अमूल्य रहेको बताए । श्रीलंकाले कुनै पक्ष नलिई मानवीय सिद्धान्त र अन्तर्राष्ट्रिय कानुन अनुसार काम गरेको पनि उनले स्पष्ट पारे ।

विश्लेषकहरूका अनुसार यो घटना मध्यपूर्व बाहिर फैलिँदै गएको तनावको संकेत हो । भारतीय महासागर क्षेत्रमा बढ्दो सैन्य गतिविधिले रणनीतिक रूपमा महत्वपूर्ण स्थानमा रहेको श्रीलंकालाई संवेदनशील अवस्थामा पुऱ्याएको छ ।

# कामपाले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा कला प्रदर्शनी गर्ने



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले ११६औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा पौरखी महिलाहरूको प्रतिनिधिमूलक जीवन्त कला प्रदर्शनी गर्ने भएको छ ।

दिवसका अवसरमा आयोजना हुने कार्यक्रममा महानगरपालिकाका महिला लक्षित सेवा तथा कार्यक्रममा न्यायिक सहजकर्ता, महिला सञ्जाल, मेलमिलापका विषयमा जानकारी तथा ' एक वडा: एक नमूना उद्यम कार्यक्रम'अन्तर्गतका पौरखी महिलाहरूको प्रतिनिधिमूलक जीवन्त कला प्रदर्शनी गरिने जानकारी दिएको हो ।

महिला दिवसका अवसरमा आज पत्रकार सम्मेलन गर्दै कार्यक्रममा प्रवक्ता नवीन मानन्धरले भने,'विभिन्न क्षेत्रको नेतृत्वमा रहनुभएका महिलाहरूका नेतृत्व यात्राका उतारचढाव, सिकाइ र भोगाइ सुन्न 'पावर इन एक्सन', 'हर टाइन इज नाउ' शीर्षकमा महानगरपालिकाले अन्तरसंवाद कार्यक्रम आयोजना गर्ने बताइएको छ ।


कार्यक्रमम समाजका औपचारिक तथा अनौपचारिक संयन्त्रको नेतृत्व गर्नेहरुले समुदायगत नेतृत्वको अनुभूति सुनाउनेछन् । मानन्धरले भने, 'प्रशासन, कानुन, समाज, उद्यम, उद्योग तथा वाणिज्य, नवप्रवर्तन, हक अधिकार, लैंगिक उत्तरदायी सहर, लिंगका आधारमा हुने हिंसा न्यूनीकरण, उद्यमशीलताबाट महिलाहरूको आर्थिक सशक्तीकरण, सूचना प्रविधिका अवसर, व्यक्तित्व विकास, समतामूलक समाज निर्माणका आयामलगायत विषयमा अनुभूति समेटिनेछन् । राज्य प्रणालीको उपल्लो ओहदादेखि सामान्य जीवनयापनका पद्धतिसम्मका शृंखला महिला नेतृत्वका कथा कार्यक्रममा समेटिनेछन् ।'

कार्यक्रमका बारेमा सहभागीहरूबाट पृष्ठपोषण दिन क्युआरमा आधारित प्रश्नावली, नेपालको महिला आन्दोलन तथा अधिकारका संघर्षका उदाहरणीय महिला नेतृहरूका विषयमा विवरण प्रदर्शनी गरिनेछ ।

हिंसामुक्त समाज निर्माण, सामाजिक न्यायमा आधारित प्रशासनिक सेवा, लैंगिकमैत्री र पहुँचयुक्त सडकसहितका पूर्वाधार विकास गर्न, सार्वजनिक सुविधामा सहज पहुँच बढाउन, सुरक्षित कार्यस्थल उपयोगका लागि सामाजिक मनोविज्ञान थाहा पाउन अन्तरसंवाद उपयुक्त स्थल बन्ने अपेक्षा गरिएको छ । यसबाट महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएकै कारण नेतृत्वमा भेदभाव, अपमान, दुर्व्यवहार भोग्नुपर्ने अवस्था सुधारमा सहयोग हुने, महिलाहरूको नेतृत्व स्थानका लागि आपसी सिकाइ, भोगाइ आदानप्रदान हुने अपेक्षा गरिएको छ । स्थानीयलाई कानुनी साक्षरता प्रदान गर्न तथा न्यायमा छिटो र सरल सहज पहुँच प्रदान गर्न वडास्तरमा न्यायिक संवाद कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यस वर्ष फागुन २४ गते 'राइट्स, जस्टिस एक्सन: फर अल वुमेन एण्ड गर्ल्स' अन्तरराष्ट्रिय र 'सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्यसहितको अवसर' राष्ट्रिय नारासहित ११६औं अन्तर्राष्ट्रिय महिला दिवसका कार्यक्रम आयोजना हुँदैछन् ।

# खैरो हेरोइनसहित पक्राउ

**मोरङ/मस–** मोरङको विराटनगर महानगरपालिका-१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १० ग्राम १ सय मिलिग्राम सहित सुन्दरहरैंचा नगरपालिका-८ बस्ने २६ वर्षीय अनिल प्रधानलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।



# क्षेत्रीय तनावका बीच इरान सीमामा ठुलो आप्रवासनको तथ्यांकलाई टर्कीले अस्वीकार

**काठमाडौं/एजेन्सी–** टर्कीको रक्षा मन्त्रालयले बिहीबार बढ्दो क्षेत्रीय तनावका बीच इरानबाट टर्कीको सीमातर्फ ठूलो आप्रवासन आन्दोलन भएको भन्ने सामाजिक सञ्जालको दाबीलाई खारेज गरेको छ ।

मन्त्रालयका प्रवक्ता जेकी अक्टुर्कले साप्ताहिक पत्रकार सम्मेलनमा इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि शुरु भएको घटनाक्रमको सिलसिलामा इरानबाट सीमातर्फ ठूलो आप्रवासन भइरहेको दाबी गरे ।



टर्कीको सशस्त्र बलले क्षेत्रीय घटनाक्रमलाई नजिकबाट नियालिरहेको छ । उहाँले सबै सम्भावित परिदृश्यहरूको लागि तयारी गरिरहेको बताए । उनले जनतालाई गलत धारणाहरू सिर्जना गर्न डिजाइन गरिएको भ्रामक सामग्रीलाई विश्वास नगर्न आग्रह गरे ।

इरानसँग लामो सिमाना जोडिएको नेटो सदस्य टर्की हाल प्रतिवन्धित कुर्दिस्तान वर्कर्स पार्टीसँग शान्ति प्रयासलाई अगाडि बढाउन केन्द्रित छ । सन् १९८४ देखि टर्की राज्यविरुद्ध विद्रोह गर्दै आएको एप्प् लाई टर्की, संयुक्त राज्य अमेरिका र युरोपेली संघले आतंकवादी संगठनको रूपमा तोकेको छ ।



**घाँस बोकेर घरतर्फ आउँदै महिला**
दाङको घोराही उपमहानगरपालिका-१८ स्थित फुसेखालीका स्थानीय महिला पशु चौपायाका लागि काटिएको घाँस डोकामा बोकेर घरतर्फ फर्किँदै । **तस्बिर : कुलदीप न्यौपाने/रासस**

इरानमाथि अमेरिका र इजरायल युद्धको नेपालमा प्रभाव

# इन्धन मूल्य, रेमिट्यान्स र अर्थतन्त्रमा बहुआयामिक असर पर्ने चिन्ता

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २२ फागुन




मध्यपूर्व क्षेत्रमा बढ्दो तनावका बीच अमेरिका र इजरायलले इरानविरुद्ध सैन्य कारबाही सुरु गरेपछि विश्व राजनीतिक तथा आर्थिक क्षेत्रमा नयाँ संकट देखिन थालेको छ । यो युद्धले विश्व ऊर्जा बजार, अन्तर्राष्ट्रिय व्यापार र श्रम बजारमा असर पार्ने अनुमान गरिएको छ । यसको प्रभाव नेपालजस्तो आयात र रेमिट्यान्समा निर्भर अर्थतन्त्रमा पनि देखिन सक्ने अनुमान गरिएको छ ।

युद्ध सुरु भएलगत्तै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्न थालेको छ । अन्तर्राष्ट्रिय ऊर्जा बजारको तथ्यांकअनुसार ब्रेन्ट क्रुडको मूल्य केही दिनमै करिब १० प्रतिशतले बढेर प्रतिब्यारेल करिब ८० डलर नजिक पुगेको छ । मध्यपूर्वको हर्मुज जलडमरू विश्वको सबैभन्दा महत्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक हो । विश्वमा आपूर्ति हुने कच्चा तेलको करिब २० प्रतिशत यही मार्गबाट ओसारपसार हुने भएकाले युद्धका कारण यो मार्ग प्रभावित भए विश्व ऊर्जा बजारमा ठूलो अस्थिरता आउन सक्ने अनुमान गरिएको छ ।

यदि द्वन्द्व लामो समयसम्म जारी रहे तेलको मूल्य प्रतिब्यारेल १ सय डलरभन्दा माथि पुग्न सक्ने अन्तर्राष्ट्रिय विश्लेषणहरूमा उल्लेख गरिएको छ ।

नेपालले प्रयोग गर्ने सम्पूर्ण पेट्रोलियम पदार्थ भारतमार्फत आयात गर्ने भएकाले अन्तर्राष्ट्रिय बजारमा हुने मूल्यवृद्धिको असर नेपालमा प्रत्यक्ष पर्छ । नेपाल आयल निगमका अनुसार नेपालले वार्षिक करिब ३ खर्ब रुपैयाँभन्दा बढीको पेट्रोलियम पदार्थ आयात गर्ने गरेको छ । तेलको मूल्य बढेमा यो खर्च झनै बढ्ने देखिन्छ ।

इन्धनको मूल्य वृद्धि भएपछि यातायात, उद्योग र ढुवानी लागत बढ्ने भएकाले त्यसको प्रभाव दैनिक उपभोग्य वस्तुको मूल्यमा समेत पर्ने अर्थशास्त्रीहरू बताउँछन् । नेपालको अर्थतन्त्रको मुख्य आधारमध्ये एक वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्स हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार करिब १७ लाखभन्दा बढी नेपाली खाडी तथा मध्यपूर्वका विभिन्न देशमा कार्यरत छन् ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार नेपालमा भित्रिने कुल रेमिट्यान्समध्ये करिब ४० प्रतिशतभन्दा बढी हिस्सा खाडी मुलुकबाट आउने गरेको छ । यदि युद्धको प्रभावले मध्यपूर्व क्षेत्रको अर्थतन्त्र कमजोर भयो वा निर्माण तथा सेवा क्षेत्रका परियोजनाहरू प्रभावित भए नेपाली श्रमिकहरूको रोजगारीमा असर पर्न सक्ने सम्भावना छ । जसको प्रत्यक्ष प्रभाव नेपालको अर्थतन्त्रमा पर्छ ।

मध्यपूर्व क्षेत्रमा युद्ध चर्किएमा त्यहाँ कार्यरत नेपाली श्रमिकको सुरक्षाको विषय पनि नेपालको लागि महत्वपूर्ण विषय बन्छ । विगतमा इराक र लेबनानमा द्वन्द्व बढ्दा नेपाली श्रमिकहरूलाई उद्धार गरेर स्वदेश फर्काउनुपरेको उदाहरण छ । परराष्ट्र मन्त्रालयका अधिकारीहरूका अनुसार परिस्थिति जटिल बनेमा त्यहाँ रहेका नेपालीको सुरक्षाका लागि आवश्यक तयारी राखिएको छ ।

त्यस्तै, नेपालको कुल आयात निर्यातभन्दा धेरै भएकाले व्यापार घाटा लगातार बढिरहेको छ । पेट्रोलियम पदार्थको मूल्य बढेमा आयात खर्च बढ्ने र विदेशी मुद्रा सञ्चितिमा दबाब पर्ने अर्थविद्हरूको विश्लेषण छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामा मात्र नेपालको व्यापार घाटा करिब ८ खर्ब रुपैयाँभन्दा बढी पुगेको छ । पेट्रोलियम व्यवसायीहरूका अनुसार हाल नेपालमा इन्धन आपूर्ति भने सामान्य अवस्थामा रहेको छ । भारतमार्फत नियमित आपूर्ति भइरहेकाले तत्काल अभाव हुने अवस्था भने देखिएको छैन । तर, युद्ध लामो समयसम्म जारी रहे ऊर्जा मूल्य, महँगी, रेमिट्यान्स र व्यापारमार्फत नेपालको अर्थतन्त्रमा दबाब बढ्न सक्ने सम्भावना रहेको अर्थशास्त्रीहरू बताउँछन् ।

समग्रमा, अमेरिका-इजरायल र इरानबीचको युद्धले विश्व ऊर्जा बजारदेखि श्रम बजारसम्म प्रभाव पार्न सक्ने देखिएको छ । यस्तो अवस्थामा नेपाल सरकारले ऊर्जा आपूर्ति व्यवस्थापन, श्रमिक सुरक्षा तथा आर्थिक स्थिरताका लागि आवश्यक पूर्वतयारी गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# इनड्राइभको 'प्लेटिनम ड्राइभर्स गिभअवे' क्याम्पेन

**काठमाडौं/मस–** इनड्राइभले नेपालमा 'प्लेटिनम ड्राइभर्स गिभअवे' क्याम्पेन सुरु गरेको छ । अघिल्लो संस्करणको सफलतापछि कम्पनीले यसपटक अभियानलाई अझ परिष्कृत र प्रभावकारी बनाउँदै आफ्ना ड्राइभर पार्टनर्सको कडा परिश्रम र समर्पणलाई सम्मान तथा पहिचान गर्ने उद्देश्यले क्याम्पेन अघि बढाएको जनाएको छ ।




कम्पनीका अनुसार अभियानअन्तर्गत ग्रान्ड प्राइजका रूपमा ब्रान्ड न्यू टाटा एक्सप्रेस-टी इभी कार, स्टाइलिश याडिया भेलाक्स इभी स्कुटर, सामसङका स्मार्टफोन तथा स्टेकेसन प्याकेजहरू प्रदान गरिनेछ । कम्पनीका अनुसार फागुन ११ गतेदेखि फागुन १७ गतेसम्म चालकहरूले प्लेटिनम स्ट्याटस प्राप्त गर्न न्यूनतम ४५ ओटा सवारी पूरा गर्नुपर्नेछ ।

प्लेटिनम स्ट्याटस हासिल गरेका चालकहरू मात्र गिभअवे अभियानमा प्रवेशका लागि योग्य हुनेछन् । फागुन १८ गतेदेखि चालकहरूले साप्ताहिक चुनौतीहरूको श्रृंखलामा सहभागी हुने अवसर पाउनेछन्, जसअन्तर्गत प्रत्येक हप्तामा विशेष पुरस्कार जित्ने मौका रहनेछ ।

फागुन १८ गतेदेखि चैत १५ गतेसम्म सञ्चालन हुने तीन चुनौतीयुक्त हप्तामा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरू साप्ताहिक पुरस्कारसँगै ग्रान्ड प्राइजका लागि पनि योग्य हुने कम्पनीले जनाएको छ । क्याब चालकहरूको ग्रान्ड प्राइजका रूपमा टाटा एक्सप्रेस-टी इभी कार एक जनालाई प्रदान गरिनेछ भने बाइक राइडरहरूको श्रेणीमा याडिया भेलाक्स इभी स्कुटर दुई जनालाई उपलब्ध गराइनेछ ।

यसका अतिरिक्त १६ जना विजेतालाई सामसङका स्मार्टफोन र चार जनालाई स्टेकेसन प्याकेज प्रदान गरिनेछ । कुनै पनि चुनौती हप्तामा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरूबाट साप्ताहिक पुरस्कार विजेता छनोट गरिने कम्पनीले जनाएको छ । ग्रान्ड प्राइजका लागि भने चालकहरूले अभियानको चारै हप्तामा प्लेटिनम स्ट्याटस कायम राख्नुपर्नेछ । सबै विजेताहरूको घोषणा चैत १९ गते आयोजना हुने भव्य कार्यक्रममार्फत गरिने कम्पनीले जानकारी दिएको छ ।

# विश्वस्तरीय प्रविधि अनुसन्धान केन्द्र स्थापना गर्दै चीन

**काठमाडौं/एजेन्सी–** चीन सरकारले विज्ञान तथा प्रविधिको क्षेत्रमा तीव्र विकास गर्दै विश्वस्तरमा प्रतिस्पर्धी बन्न तीनवटा अन्तर्राष्ट्रिय स्तरका विज्ञान-प्रविधि नवप्रवर्तन केन्द्र स्थापना गर्ने योजना अघि सारेको छ ।

यो जानकारी चीन सरकारको वार्षिक कार्यप्रतिवेदनमा उल्लेख गरिएको छ, जुन देशको सर्वोच्च विधायिका समक्ष छलफलका लागि पेश गरिएको हो । उक्त प्रतिवेदनमा विज्ञान, प्रविधि र नवप्रवर्तनलाई चीनको दीर्घकालीन आर्थिक तथा सामाजिक विकासको प्रमुख आधारका रूपमा अघि बढाइने स्पष्ट गरिएको छ ।

सरकारका अनुसार स्थापना गरिने ती तीन अन्तर्राष्ट्रिय नवप्रवर्तन केन्द्रलाई विश्वस्तरीय अनुसन्धान, प्रविधि विकास र नयाँ आविष्कारका प्रमुख केन्द्रका रूपमा विकास गरिनेछ । ती केन्द्रहरूले वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन दिने, उच्चस्तरीय प्रविधि विकास गर्ने तथा नयाँ उद्योगहरूको विकासमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

यससँगै चीनले सन् २०२६ देखि २०३० सम्म लागू हुने पन्ध्रौँ पञ्चवर्षीय योजनाको



प्रारूप पनि प्रस्तुत गरेको छ । उक्त योजनामा कृत्रिम बुद्धिमत्ता, क्वान्टम प्रविधि, जैव प्रविधि तथा नयाँ ऊर्जा जस्ता आधुनिक र भविष्यका लागि महत्वपूर्ण क्षेत्रहरूमा विशेष रणनीतिक योजना लागू गरिने उल्लेख गरिएको छ ।

यी क्षेत्रहरूमा अनुसन्धान, लगानी र प्राविधिक विकासलाई प्राथमिकता दिँदै चीनले नयाँ प्रविधिमा आत्मनिर्भरता बढाउने, उच्च प्रविधिमा आधारित उद्योग विस्तार गर्ने र दीर्घकालीन आर्थिक विकासलाई बलियो बनाउने लक्ष्य राखेको छ । सरकारले विज्ञान तथा प्रविधिको विकासलाई राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने प्रमुख साधनका रूपमा लिँदै नवप्रवर्तनलाई केन्द्रमा राखेर भविष्यको आर्थिक संरचना निर्माण गर्ने नीति अघि सारेको जनाएको छ ।

# विरेन्द्रबहादुरले छाडे गलोपा

**काठमाडौं/मस–** बुद्ध एयरका मालिका तथा व्यवसायी विरेन्द्रबहादुर बस्नेतले गतिशील लोकतान्त्रिक पार्टी (गलोपा) छाडेका छन् । निर्वाचनमा पार्टीले राम्रो नतिजा नल्याएसँगै उनले शुक्रबार सामाजिक सञ्जालमा स्टाटस लेख्दै पार्टी छाडेका हुन् ।

पार्टी छाड्दै उनले अबदेखि स्वतन्त्र नागरिकका रूपमा समाजसेवी अभियानमार्फत देश सेवामा सक्रिय रहने घोषणा गरेका छन् । उनले भदौ २३ र २४ गते देशभर भएको जनविद्रोह र त्यस क्रममा ७६ जना नवयुवाको सहादतले आफूलाई गहिरो रूपमा प्रभावित बनाएको बताएका छन् ।

उनका अनुसार ती घटनाहरू केवल संयोग नभई भ्रष्टाचार, बेरोजगारी, गरिबी, शोषण र बेथितीविरुद्धको जनआवाजको विस्फोट थियो । बस्नेतले उक्त विद्रोहपछि २४ घण्टाभित्रै पुरानो सत्ताको पतन भएको उल्लेख गर्दै त्यस घटनाले



देश नयाँ दिशातर्फ मोडिन सक्छ भन्ने विश्वास आफूमा जन्माएको बताएका छन् ।

यही विश्वासका आधारमा आफू नयाँ राजनीतिक अभियानमा सहभागी भई गतिशील लोकतान्त्रिक पार्टीको केन्द्रीय सदस्य बनेको उनले स्मरण गरेका छन् । तर, हालको राजनीतिक संस्कार आफ्नो मूल्य र सोचसँग मेल नखाएको निष्कर्षमा पुगेपछि पार्टी तथा पदको सीमाभित्र रहेर देशप्रतिको योगदान दिन कठिन भएको महसुस गरेको उनले बताएका छन् ।

त्यसैले अब फरक बाटो रोजेर स्वतन्त्र रूपमा समाजसेवामा सक्रिय रहने निर्णय लिएको उनको भनाइ छ ।बस्नेतले आगामी दिनमा आफ्नो समय, ऊर्जा र सीपलाई विश्लेषण, छलफल, समाधान र सिर्जनामा केन्द्रित गर्ने उल्लेख गरेका छन् । उनले गतिशील लोकतान्त्रिक पार्टीलाई आफ्नो सिद्धान्त, मूल्य र एजेण्डाप्रति प्रतिबद्ध रहन शुभकामना व्यक्त गर्दै अन्य लोकतान्त्रिक राजनीतिक दलहरूलाई पनि सफलताको कामना गरेका छन् ।


बस्नेतले अब आफू स्वतन्त्र र जिम्मेवार नागरिकका रूपमा समाजसेवी अभियानमार्फत मातृभूमिको सेवामा समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दै नागरिकहरूको साथ, सहयोग र विश्वासप्रति आभार व्यक्त गरेका छन् ।

# विजयश्री स्टिलको ६ महिनामा साढे ३ अर्बको कारोबार

**काठमाडौं/मस–** विजयश्री स्टिलले उद्योगले चालु आर्थिक वर्षको ६ महिनामा ३ अर्ब ६१ करोड ९० लाख रुपैयाँको कारोबार गरेको छ । कम्पनीले सन् २०२५ मा ५ अर्ब ४० करोड ४० लाख रुपैयाँको कारोबार गरेको थियो ।

त्यस्तै, सन् २०२४ मा ५ अर्ब ६१ करोड रुपैयाँ र सन् २०२३ मा ३ अर्ब ५५ करोड ७० लाख रुपैयाँको कारोबार भएको थियो । कम्पनीको व्यापार गत आवमा ४ प्रतिशतले घटेको थियो ।

कम्पनीले गत आवमा १२ करोड ८० लाख रुपैयाँ खुद नाफा कमाएको छ । सन् २०२४ मा १० करोड ९० लाख रुपैयाँ खुद नाफा कमाएको थियो । त्यस्तै,




कम्पनीले चालु आवको ६ महिनाको अवधिमा ११ करोड ६० लाख रुपैयाँ खुद नाफा कमाएको छ भने कुल नगद सञ्चय १७ करोड ५० लाख रुपैयाँ रहेको छ ।

सन् २०१७ मा स्थापना भएको कम्पनीले विभिन्न प्रकारका डण्डी उत्पादन गरी बिक्री वितरण गर्दै आएको छ । कम्पनीले वार्षिक १ लाख ३२ हजार मेट्रिक टन बिलेट र १ लाख २४ हजार मेट्रिक टन डण्डी उत्पादन गर्दै आएको छ । कम्पनीले आफैँ बिलेट उत्पादन गर्ने भएकोले स्पञ्ज आइरन र पिग आइरनजस्ता कच्चा पदार्थ भारतबाट आयात गर्ने गरेको छ ।

# उडान ट्याक्सीतर्फ चीनको अर्को कदम, गऱ्यो नयाँ विकास

**काठमाडौं/एजेन्सी–** चीनमा विकास भइरहेको ठूलो विद्युतीय विमान 'म्याट्रिक्स' ले भविष्यमा उडान ट्याक्सी सेवा कस्तो देखिन सक्छ भन्ने संकेत दिएको छ । दक्षिणपूर्वी चिनियाँ सहर कुन्सानमा परीक्षण भइरहेको यो १० यात्रु क्षमताको विद्युतीय विमानलाई चीनमा हालसम्म निर्माण गरिएको सबैभन्दा ठूलो सिधै माथि उड्न र सिधै अवतरण गर्न सक्ने (इभिटिओएल) विद्युतीय विमान मानिन्छ ।

सांघाई बन्दरगाहबाट करिब ६० किलोमिटर पश्चिममा रहेको कुन्सानस्थित एक ह्यांगरमा हालै यस विमानको प्रदर्शन गरिएको थियो । विशाल ड्रोनजस्तै देखिने 'म्याट्रिक्स' करिब पाँच टन तौलको इभिटिओएल विमान हो, जसले भविष्यमा सहरभित्रको हवाई ट्याक्सी सेवाको सम्भावनालाई संकेत गरेको छ । सन् २०१७ मा स्थापना भएको चिनियाँ कम्पनी अटोफ्लाइटले यो विमान विकास गरेको हो । कम्पनीका अनुसार म्याट्रिक्सले एकपटकमा १० जनासम्म यात्रु बोक्न सक्छ । यसको पखेटाको फैलावट करिब २० मिटर (लगभग ६६ फिट) छ भने विमानको लम्बाइ १७.१ मिटर र उचाइ ३.३ मिटर रहेको छ । पूर्ण रूपमा चार्ज गरिएको अवस्थामा यसले करिब एक घन्टासम्म उडान भर्न सक्ने क्षमता राख्छ ।

अटोफ्लाइटले एसोसिएटेड प्रेसका लागि आफ्नो कम उचाइ उडान परीक्षण केन्द्रमा यसको प्रत्यक्ष उडान प्रदर्शन पनि गराएको थियो । चिसो दिनमा गरिएको उक्त प्रदर्शनमा कर्मचारीहरूले म्याट्रिक्सलाई ह्याङ्गरबाट हेलिप्याडमा सारेपछि उडानका लागि तयारी गरिएको थियो ।

प्रोपेलरहरू सुरु गरिएपछि केही मिनेटसम्म प्रणालीको जाँच गरियो । सबै उपकरण ठीक रहेको पुष्टि भएपछि विमान विस्तारै आकाशतर्फ उड्न थाल्यो । यसको आवाज सुनिन्थ्यो तर सामान्य हेलिकप्टरको तुलनामा कम थियो । करिब १० मिनेटसम्म उडान भरेपछि र हेलिपोर्ट वरिपरि दुई चक्कर लगाएपछि म्याट्रिक्स सहज रूपमा फर्किएर सुरक्षित अवतरण गरेको थियो ।

यद्यपि यस्तो प्रविधि व्यापक रूपमा प्रयोगमा आउन अझै केही



समय लाग्ने देखिन्छ । अटोफ्लाइटका वरिष्ठ उपाध्यक्ष स्टिभन याङका अनुसार उडान ट्याक्सी वास्तविक सेवाका रूपमा कहिले सञ्चालनमा आउला भन्ने प्रश्नको स्पष्ट उत्तर दिन अहिले कठिन छ ।

उनले कम्पनीसँग पहिले नै दुई टन क्षमताको यात्रुवाहक इभिटिओएल विमान तयार भइसकेको तर आवश्यक प्रमाणीकरण प्रक्रियाको प्रतीक्षामा रहेको जानकारी दिए । अटोफ्लाइटले सन् २०२७ सम्म नियामक निकायबाट 'टाइप प्रमाणपत्र' प्राप्त गर्ने अपेक्षा गरेको उनले बताए । यस्तो प्रमाणपत्रले विमानको डिजाइनले सुरक्षा मापदण्ड पूरा गरेको पुष्टि गर्छ । तर यात्रु बोकेर सञ्चालन गर्न 'अपरेटर प्रमाणपत्र' लगायत अन्य स्वीकृतिहरू पनि आवश्यक पर्नेछन् । हाल म्याट्रिक्स अझै प्रोटोटाइपकै चरणमा रहेको छ । चीनका अन्य केही कम्पनीहरूले पनि इभिटिओएल विमान विकास गरिरहेका छन् । गुआङ्गडोङ प्रान्तमा आधारित एहाङ कम्पनीले विकास गरेको विमानलाई व्यावसायिक यात्रु सेवा सञ्चालनका लागि अधिकारीहरूले प्रमाणीकरण प्रदान गरिसकेका छन्, तर व्यावहारिक सेवा अझै सुरु भएको छैन । विशेषज्ञहरूका अनुसार यस्तो उडान ट्याक्सी सेवा सञ्चालन गर्न अनुमति मात्र पर्याप्त हुँदैन । त्यसका लागि आवश्यक पूर्वाधार, उडान मार्ग, सुरक्षा प्रणाली र सञ्चालन व्यवस्थापन पनि तयार हुनुपर्छ । चीनले पछिल्लो समय 'कम-उचाइ अर्थतन्त्र' नामक अवधारणालाई अघि बढाइरहेको छ । यसअन्तर्गत ड्रोन तथा साना उडान उपकरणहरूको प्रयोग विस्तार भइरहेको छ । उदाहरणका लागि, दक्षिणी सहर सेन्जेनमा अहिले नै ड्रोनमार्फत खाना डेलिभरी सेवा सञ्चालन भइरहेको छ ।

न्याटिक्सिस कर्पोरेट एन्ड इन्भेस्टमेन्ट बैंकिङका वरिष्ठ अर्थशास्त्री ग्यारी एन्गले उडान ट्याक्सी उद्योगको विकासलाई नजिकबाट अध्ययन गरिरहेका छन् । उनका अनुसार चीनले सुरक्षा सुनिश्चितता, आवश्यक पूर्वाधार निर्माण तथा उडान मार्ग व्यवस्थापन जस्ता चुनौतीहरू पार गर्नुपर्नेछ । उनले प्रविधि मात्र पर्याप्त नभएको उल्लेख गर्दै यससँग सम्बन्धित सम्पूर्ण इकोसिस्टम अझै पूर्ण रूपमा विकसित भइनसकेको बताए । उनका अनुसार व्यावहारिक रूपमा यस्तो सेवा देखिन कम्तीमा पनि थप तीन वर्ष लाग्न सक्छ ।

# एन्फा निर्वाचन चैत १३ मा



काठमाडौं/मस- अखिल नेपाल फुटबल संघ (एन्फा)को नयाँ नेतृत्व चयनका लागि आगामी चैत १३ गते निर्वाचन हुने भएको छ । यसअघि विभिन्न कारणले दुई पटक स्थगित भएको निर्वाचनका लागि एन्फा निर्वाचन समितिले नयाँ कार्यतालिका सार्वजनिक गर्दै प्रक्रिया अघि बढाएको हो ।

निर्वाचन समितिले शुक्रबार सार्वजनिक गरेको संशोधित कार्यतालिका अनुसार वर्तमान अध्यक्ष पंकज विक्रम नेम्बाङ र पूर्व वरिष्ठ उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार) बीच अध्यक्ष पदका लागि प्रतिस्पर्धा हुने निश्चित भएको छ ।

निर्वाचन समितिका सदस्य सचिव लोकेन्द्र ओलीका अनुसार फागुन २२ गते उम्मेदवार तथा मताधिकार प्राप्त प्रतिनिधिहरूको प्रारम्भिक नामावली प्रकाशन गरिएको छ। उक्त नामावलीमाथि दाबी-विरोधका लागि फागुन २८ गतेसम्म समय दिइएको छ। पुनरावेदन समितिको निर्णय फागुन २९ गते आउनेछ भने दाबी-विरोधको प्रक्रियापछि फागुन ३० गते अन्तिम नामावली सार्वजनिक गरिनेछ। त्यसपछि चैत १३ गते मतदान सम्पन्न गर्ने कार्यतालिका तय गरिएको समितिले जनाएको छ ।

अध्यक्ष पदबाहेक अन्य पदमा पनि उल्लेख्य संख्यामा उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । एक वरिष्ठ उपाध्यक्ष पदका लागि वर्तमान उपाध्यक्षद्वय दावा लामा र दीपक खतिवडासँगै एनआरटी क्लबका अध्यक्ष सुन्दरनरसिंह जोशी प्रतिस्पर्धामा छन् ।

यस्तै चार उपाध्यक्ष पदका लागि १० जनाले उम्मेदवारी दिएका छन्। उपाध्यक्ष पदका उम्मेदवारमा एन्फाका वर्तमान कार्यसमिति सदस्य विकासनारायण श्रेष्ठ, मनिष जोशी, अनिल मल्ल, पेमा डोल्मा लामा र महेन्द्र क्षत्री रहेका छन् ।

यसैगरी क्लब र जिल्ला संघबाट पनि उपाध्यक्ष पदका लागि उम्मेदवारी परेको छ । फ्रेन्ड्स क्लबका अध्यक्ष विश्वासविक्रम शाह, मछिन्द्र क्लबका अध्यक्ष अनिल श्रेष्ठ, सरस्वती क्लबका अध्यक्ष उत्तमराज भण्डारी, मनाङ मर्स्याङ्दी क्लबका अध्यक्ष विजय घले तथा कञ्चनपुर जिल्ला फुटबल संघका अध्यक्ष गणेशबहादुर चन्द पनि उपाध्यक्ष पदका दाबेदार हुन् ।

एन्फाको १३ कार्यकारी सदस्य पदका लागि २८ जनाबीच प्रतिस्पर्धा हुने भएको छ । सदस्य पदका लागि उम्मेदवारी दिनेहरूमा प्रविण सुवाल, पुरुषोत्तम थापा, भोजराज शाही, मणीराज बिष्ट, दीपेन्द्र धिमाल, प्रविण यादव, प्रमोद मानन्धर, भरत बुढाथापा, टिकाराम लामा, सागर मैनाली, निरजबहादुर राउत, जयकृष्ण श्रेष्ठ, रमेश ब्यन्जनकार, सत्यभक्त पालिखे, राजु ह्याजु, लोकेन्द्र गुरुङ, कपिल रानामगर, सेतबहादुर पुन, बाबुकाजी बस्नेत, सञ्जिव बुढाथोकी, कल्याणकुमार खड्का, विनोद गुरुङ, केशवकुमार कार्की, देवनारायण चित्रकार, भगवानबहादुर दर्लामी, ठाकुर सुस्लिङ, मणीकुमार लिम्बु र सञ्जित धिताल रहेका छन् ।

त्यस्तै दुई महिला सदस्य पदका लागि चार जनाको उम्मेदवारी परेको छ। उम्मेदवारमा वर्तमान केन्द्रीय सदस्य सरिला श्रेष्ठ मलेकु, विन्द्रा देवान, कमला हिराचन र लिलामाया थापा रहेका छन् ।

एन्फा निर्वाचनमा विभिन्न संघसंस्था र क्लबका प्रतिनिधिसहित ८७ जना मतदाताले मतदान गर्ने छन् । निर्वाचन समितिले मताधिकार प्राप्त प्रतिनिधिहरूको नामावली पनि सार्वजनिक गरिसकेको छ ।

मताधिकार पाउनेहरूमा ४५ जिल्ला फुटबल संघ, ए डिभिजनका १४ क्लब, बी डिभिजनका ११ क्लब, सी डिभिजनका ९ क्लब, एन्फा प्रेसिडेन्ट कपको सेमिफाइनल पुगेका ४ क्लब तथा खेलाडी, प्रशिक्षक, रेफ्री र महिला संघ गरी ४ संघका प्रतिनिधि समावेश छन् ।

एन्फा निर्वाचन यसअघि दुई पटक स्थगित भइसकेको थियो । एन्फा केन्द्रीय कार्यसमितिले सुरुमा माघ २८ गते झापामा निर्वाचन गर्ने निर्णय गरेको थियो । तर एन्फा उपाध्यक्ष विराट जंग शाहीले निर्वाचन प्रक्रिया रोक्न माग गर्दै दायर गरेको रिटमा पाटन उच्च अदालतले माघ ४ गते अन्तरिम आदेश जारी गरेपछि निर्वाचन पहिलो पटक रोकिएको थियो ।

पछि अदालतले माघ २७ गते अन्तरिम आदेश खारेज गरेपछि निर्वाचन समितिले नयाँ कार्यतालिका सार्वजनिक गर्दै फागुन २७ गते मतदान गर्ने मिति तोकेको थियो । तर त्यसबीच प्रतिनिधि सभा निर्वाचनको आचारसंहिता लागू भएको भन्दै निर्वाचन आयोगले एन्फाको निर्वाचन प्रक्रिया रोक्न निर्देशन दिएको थियो । आयोगको निर्देशन र सुरक्षा व्यवस्थाका कारण दोस्रो पटक पनि निर्वाचन स्थगित भएको थियो ।

लामो समयदेखि विवाद, कानुनी प्रक्रिया र स्थगनका कारण एन्फाको आन्तरिक राजनीति अन्योलमा रहेको छ। नयाँ कार्यसमिति चयनपछि नेपाली फुटबलको प्रशासनिक नेतृत्व स्पष्ट हुने र संघभित्रको विवाद समाधानतर्फ जाने अपेक्षा गरिएको छ ।

फुटबल सरोकारवालाहरूले आगामी निर्वाचनलाई नेपाली फुटबलको भावी दिशा तय गर्ने महत्त्वपूर्ण मोडका रूपमा हेरेका छन् । निर्वाचन समितिले आवश्यक परे कार्यतालिकामा सामान्य हेरफेर गर्न सकिने जनाएको भए पनि चैत १३ गतेलाई नै मतदानको मुख्य मिति तोकिएको छ ।

# रोचडेलको गल्लीदेखि प्रिमियर लिगसम्मको यात्रा




**काठमाडौं/एजेन्सी-** १८ वर्षीय फरवार्ड म्याथ्युज माने हाल प्रिमियर लिग टोली वुल्भ्सका लागि एक उज्यालो ताराका रूपमा उदय भएका छन् । टोलीका लागि यो सिजन निकै कठिन रहे पनि र वुल्भ्स रेलिगेसनको संघारमा पुगेता पनि, मानेको प्रदर्शन भने फुटबल जगतमा चर्चाको विषय बनेको छ।

पोर्चुगलमा जन्मिएका माने आठ वर्षको उमेरमा आफ्नी आमासँग इंग्ल्याण्ड बसाइँ सरेका थिए। म्यानचेस्टरको मस्टन क्षेत्रमा हुर्किएका उनलाई सुरुवाती दिनमा अंग्रेजी भाषा बुझ्न समेत एक वर्ष लागेको थियो । उनले आफ्ना दाजु मार्कोस र उनका साथीहरूसँग कंक्रिटको भुइँमा फुटबल खेलेर आफ्नो कौशल निखारेका थिए ।

त्यस समयका यादहरू सम्झिँदै माने भन्छन्, 'उनीहरू मलाई बलबाट टाढा राख्न निकै कडा व्यवहार गर्थे । म राम्रो पिचमा खेल्ने अभ्यस्त थिइनँ, त्यसैले मेरो शरीरमा अहिले पनि धेरै खतहरू छन् ।' सानोमा अलि चञ्चल स्वभावका मानेले युट्युबमा नेयमारका भिडियोहरू हेरेर उनलाई कपी गर्ने प्रयास गर्थे भने म्यानचेस्टर सिटीका सर्जियो अगुएरो र डेभिड सिल्भाको खेलबाट उनी प्रभावित थिए ।

मानेको व्यावसायिक फुटबल यात्रा रोचडेलको एकेडेमीबाट सुरु भयो, जहाँ उनले १५ वर्षको उमेरमा सन् २०२३ मा प्रवेश पाएका थिए। रोचडेलका तत्कालीन एकेडेमी प्रमुख टोनी एलिसले मानेको पहिलो प्रशिक्षण सत्रमै उनको असाधारण क्षमता पहिचान गरेका थिए। एलिसका अनुसार माने प्राविधिक रूपमा निकै सबल हुनुका साथै अनुशासित र मिहिनेती पनि थिए। रोचडेलमा रहँदा १६ वर्षको उमेरमै उनी टोलीको बेन्चमा पर्न सफल भएका थिए । पछि सन् २०२४ को समरमा सफल ट्रायलपछि उनी प्रिमियर लिग क्लब वल्भ्समा आबद्ध भए । गत मे महिनामा ब्राइटनविरुद्धको खेलबाट उनले डेब्यु गरेका थिए भने डिसेम्बरमा लिभरपुलविरुद्ध एनफिल्डमा पहिलो पटक सुरुवाती ११ मा खेल्ने मौका पाए ।

यो सिजन वुल्भ्सले केवल तीन खेल जितेको अवस्थामा पनि मानेले २० खेलमा दुई गोल गरिसकेका छन्। उनले वेस्ट ह्याम र एभर्टनविरुद्ध गोल गरेका थिए । वुल्भ्सका प्रशिक्षक रब एडवड्र्सका अनुसार मानेको मानसिकता र गुणस्तर उच्च स्तरको छ र उनको भविष्य निकै उज्यालो छ। एडवड्र्स भन्छन्, '१८ वर्षको उमेरमा प्रिमियर लिगमा संघर्षरत टोलीका लागि उनले जुन प्रभाव पारेका छन्, त्यो विरलै देख्न पाइन्छ ।'

मैदानमा प्रवेश गर्दा सुरुमा अलि नर्भस हुने मानेले आफ्नो पहिलो 'हेडर' जितेपछि आत्मविश्वास बढ्ने गरेको बताउँछन् । उनी भन्छन्, 'मैले आफैंलाई भनेको थिएँ कि एक दिन म प्रिमियर लिगमा खेल्नेछु र गोल गर्नेछु । मेरो योजना केवल कडा मिहिनेत गर्ने थियो र यो मैले सोचेभन्दा छिटो पूरा भयो ।'

मानेको उत्कृष्ट फर्मलाई हेरेर युरोपका हस्ती क्लबहरू लिभरपुल, म्यानचेस्टर युनाइटेड र रियल म्याड्रिडले उनलाई अनुबन्ध गर्न चासो देखाएको रिपोर्टहरू सार्वजनिक भएका छन् ।

यति मात्र होइन, उनको अन्तर्राष्ट्रिय भविष्यलाई लिएर पनि इंग्ल्यान्ड र पोर्चुगलबीच एक किसिमको 'टग अफ वार' सुरु भएको छ । उनले इंग्ल्यान्डको १८ वर्ष मुनिको टोलीबाट ८ वटा खेल खेलिसकेका छन्, तर उनीसँग पोर्चुगल र गिनी-बिसाउबाट पनि खेल्ने विकल्प छ । पोर्चुगलका मुख्य प्रशिक्षक रोबर्टो मार्टिनेज र इंग्ल्यान्ड अन्डर-२१ का प्रशिक्षक ली कार्स्ली दुवैले उनलाई नजिकबाट नियालिरहेका छन् ।

यसरी म्यानचेस्टरको गल्लीबाट सुरु भएको मानेको फुटबल यात्राले अहिले विश्वकै प्रतिष्ठित लिगमा धमाका मच्चाइरहेको छ ।

## टी-२० विश्वकप


# उपाधिका लागि भारत र न्युजिल्यान्ड भिड्ने




**काठमाडौं/एजेन्सी-** आइसिसी पुरुष टी-२० विश्वकप २०२६ को फाइनलमा आइतबार क्रिकेटका दुई शक्ति राष्ट्र भारत र न्युजिल्यान्ड आमनेसामने हुँदैछन् । गुजरातको नरेन्द्र मोदी स्टेडियममा हुने यो भिडन्तले यी दुई टोलीबीचको प्रतिद्वन्द्वीतामा अर्को एउटा महत्वपूर्ण अध्याय थप्नेछ ।

फाइनलसम्मको रोमाञ्चक यात्रा भारतले बिहीबार भएको सेमिफाइनल खेलमा इंग्ल्यान्डलाई पराजित गर्दै फाइनलको टिकट काटेको हो । उक्त खेलमा पहिले ब्याटिङ गरेको भारतले २५३ रनको विशाल स्कोर खडा गरेको थियो, जसमा टप अर्डर ब्याट्सम्यानहरूको विस्फोटक प्रदर्शन रहेको थियो । जवाफमा इंग्ल्यान्डले संघर्ष गरेतापनि भारतले खेल आफ्नो पक्षमा पार्‍यो ।

अर्कोतर्फ, न्युजिल्यान्डले अर्को सेमिफाइनलमा दक्षिण अफ्रिकामाथि प्रभावशाली जित निकाल्दै फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो । न्युजिल्यान्डको जितमा टप अर्डर ब्याट्सम्यानहरूको भूमिका निर्णायक रहेको थियो ।



ऐतिहासिक प्रतिद्वन्द्वीता र तथ्यांक आइसिसी प्रतियोगिताका फाइनलहरूमा यी दुई टोली आमनेसामने हुन लागेको यो तेस्रो पटक हो । यसअघि २०२१ को विश्व टेस्ट च्याम्पियनसिपको फाइनलमा न्युजिल्यान्डले भारतलाई ८ विकेटले हराएको थियो भने २०२५ को च्याम्पियन्स ट्रफीको फाइनलमा भारतले न्युजिल्यान्डलाई ४ विकेटले पराजित गर्दै बदला लिएको थियो ।

टी-२० विश्वकपको इतिहासलाई हेर्ने हो भने न्युजिल्यान्ड भारतका लागि सबैभन्दा कठिन प्रतिद्वन्द्वी सावित भएको छ। तथ्यांकअनुसार टी-२० विश्वकपमा यी दुई टोलीबीच भएका ३ वटा खेलमध्ये न्युजिल्यान्डले सबै खेल जितेको छ भने भारतले अहिलेसम्म एउटै पनि खेल जित्न सकेको छैन । समग्रमा १७ वटा आइसिसी ह्वाइट-बल खेलहरूमा न्युजिल्यान्डले ९ र भारतले ८ खेल जितेका छन् ।

सञ्जु सामसनको उत्कृष्ट लय र चर्चा यस प्रतियोगितामा भारतीय ब्याटर सञ्जु सामसनको प्रदर्शन र उनको व्यवहारले क्रिकेट प्रेमीहरूको मन जितेको छ। पछिल्ला दुई महत्त्वपूर्ण नकआउट खेलहरूमा उनले क्रमशः ९७ र ८९ रनको उत्कृष्ट पारी खेलेका छन् ।

हालै एक पत्रकारले उनलाई 'दुई पटक शतक बनाउनबाट चुकेको' बारे प्रश्न गर्दा सामसनले दिएको जवाफ अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । उनले आफू व्यक्तिगत कीर्तिमानभन्दा टोलीको जितका लागि खेल्ने र ९७ वा ८९ रन बनाउनु आफैंमा ठुलो कुरा भएको बताएका छन् । उनले पछिल्ला दुई इनिङसमा २०० भन्दा बढीको स्ट्राइक रेटमा १८६ रन बनाएका छन् र दुवै खेलमा प्लेयर अफ द म्याच चुनिएका छन् ।

खेलको समय र स्थान विश्वकपको यो निर्णायक खेल आइतबार अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा नेपाली समयअनुसार राति ७:४५ (भारतीय समय ७:३०) बजे सुरु हुनेछ। दुवै टोली अहिले उत्कृष्ट फर्ममा रहेका कारण यो खेल अत्यन्तै प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ ।

न्युजिल्यान्ड भारतका लागि आइसिसी नकआउट खेलहरूमा सधैं घातक मानिँदै आएको छ, जस्तै २०१९ को एकदिवसीय विश्वकप सेमिफाइनलमा भारतले भोग्नुपरेको हार अझै पनि धेरैको मानसपटलमा ताजा छ । यद्यपि, २०२३ को विश्वकप र २०२५ को च्याम्पियन्स ट्रफीको जितपछि भारतको मनोबल उच्च देखिन्छ ।

**साउदीमा रोजगार**
कम्पनी : NAWAF IBRAHIM AL- OMARI TRADING ESTABLISHMENT — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/११/१७ — चलानी नं.: ६०२५३२२५ — L.T. No.:339747

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४६,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ३० गते (14 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EVER GREEN EMPLOYMENT PVT. LTD.**
जि.पि.ओ. बक्स नं. ८९७३, एनपिसि ८०६, शंखमुल मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
फोन नं. ०१४७९४३५३, ०१४७९२९२०, Email- evergreenemp@gmail.com, info@evergreenemp.com
Web- www.evergreenempl.com
श्रम इजाजत नं. ६८३/०६३/०६४

**मलेसियामा रोजगार**
कम्पनी : PEMBINAAN KESENTOSAAN SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/२२ — चलानी नं.: ६०२५३२३२ — LT. No.: 339928

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Hotel Staff | 8 | 0 | स. काममा दक्ष | 1700 | ६३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ चैत १ गते (15 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HELP OVERSEAS PVT.LTD.**
श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 015433477, 9848182606, 9824379114. Email id:- helpoverseas77@gmail.com, helpoverseas@mail.com.np

**मलेसियामा रोजगार**
कम्पनी: XINYI ENERGY SMART SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/२२ — चलानी नं.: ६०२५३२२८ — L.T. No.: 339903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 156 | 0 | स. काममा दक्ष | 1700 | ६३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ३० गते (14 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PEOPLE HRS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२३ फागुन २०८२ शनिबार
7 March 2026 Saturday

# माइकल ज्याक्सनको 'थ्रिलर'लाई चुनौती दिने 'द इगल्स'को जादु



**काठमाडौं/एजेन्सी–** सन् १९७६ मा यदि कसैको घरमा रेकर्ड प्लेयर थियो भने, त्यहाँ सन् १९७० को दशकको चर्चित ब्यान्ड 'द इगल्स'को एउटा एल्बम हुने सम्भावना प्रबल थियो । यसै वर्ष सार्वजनिक भएको 'देयर ग्रेटेस्ट हिट्स (१९७१-१९७५)'ले यसै वर्ष आफ्नो रिलिजको ५०औं वार्षिकोत्सव मनाउँदै छ । यो एल्बम कुनै पनि 'सबै समयका उत्कृष्ट एल्बम'को सूचीमा नपरे पनि यसले व्यावसायिक रूपमा भने इतिहास रचेको छ ।

यो एल्बमले हालै रेकर्डिङ इन्डस्ट्री एसोसिएसन अफ अमेरिकाबाट ४० मिलियन प्रति बिक्री भएको भन्दै पहिलो पटक 'क्वाड्रापल डायमण्ड' प्रमाणपत्र प्राप्त गरेको छ । यो आधिकारिक रूपमा अमेरिकामा सबै समयको सबैभन्दा लोकप्रिय एल्बम बनेको छ र विश्वभरका उत्कृष्ट पाँचभित्र पर्न सफल भएको छ। यसको लोकप्रियता कति छ भने, यसले पिंक फ्लोडको 'द डार्क साइड अफ द मुन', प्रिन्सको 'पर्पल रेन' र द बिटल्सको 'एबी रोड'को संयुक्त बिक्रीलाई पनि उछिनेको छ ।

यति ठुलो सफलता पाए पनि, यो एल्बम बनाउन ब्यान्ड आफैं भने इच्छुक थिएन । ब्यान्डका ड्रमर र गायक डोन हेन्लीले यस रेकर्डलाई 'कला र वाणिज्यको जबरजस्ती र कुरूप विवाह' भनी टिप्पणी गरेका थिए । तत्कालीन 'एसाइलम' रेकर्ड कम्पनीका मालिक जो स्मिथले ब्यान्डले नयाँ एल्बम ल्याउन ढिलाइ गरेपछि पैसा जुटाउनका लागि यो 'बेस्ट अफ' संग्रह निकाल्ने दबाब दिएका थिए। हेन्लीका अनुसार, कम्पनीलाई एल्बम राम्रो छ कि छैन भन्नेमा कुनै चासो थिएन, उनीहरूलाई केवल बजारमा बेच्नका लागि एउटा सामग्री चाहिएको थियो ।

संगीत इतिहासकारहरूका अनुसार यो एल्बमले अमेरिकाको एउटा विशेष समयको भावनालाई समेटेको थियो। भियतनाम युद्ध र सामाजिक उथलपुथलबाट गुज्रिरहेको राष्ट्रका लागि इगल्सको प्रारम्भिक संगीत एउटा 'आशावादी सन्देश' जस्तो बनेको थियो । पेन्सिलभेनिया स्टेट युनिभर्सिटीका इतिहासका प्राध्यापक रिचर्ड एक्विलाका अनुसार यस ब्यान्डको नाम नै अमेरिकाको प्रतीक जस्तो थियो ।

संगीत इतिहासकार पिटर डगेट भन्छन्, 'इगल्सले पुराना स्रोताहरूलाई ६० को दशकको त्यो संगीतको याद दिलाए जसमा कुनै कट्टरपन्थी प्रयोग वा राजनीतिक आदर्शवाद थिएन । यो धेरै सुमधुर र व्यावसायिक थियो, जसले गर्दा यो पुस्तौंसम्म कालजयी बन्यो ।'


१९८० को दशकदेखि यो एल्बमले माइकल ज्याक्सनको 'थ्रिलर'सँग अमेरिकाको सबैभन्दा धेरै बिक्री हुने एल्बमको उपाधिका लागि प्रतिस्पर्धा गरिरहेको छ । सन् २०१८ मा इगल्सको रेकर्ड कम्पनीले पुरानो बिक्रीको अडिट गरेपछि यसको बिक्री संख्यामा रातारात ९० लाख प्रति थपिएको थियो, जसलाई लिएर माइकल ज्याक्सनको परिवारले असन्तुष्टि समेत जनाएको थियो ।

एउटा पूर्ण प्याकेज यो एल्बममा केवल १० वटा गीतहरू छन् र यो जम्मा ४३ मिनेट लामो छ । यसमा ब्यान्डको सुरुवाती चरणका चर्चित गीतहरू जस्तै 'टेक इट इजी' र 'डेस्पेराडो' समावेश छन् । यसलाई सुन्ने क्रममा सुस्त गतिको गीत पछि तुरुन्तै ऊर्जावान रक गीत आउने गरी मिलाइएको छ, जसले गर्दा क्याजुअल स्रोताहरूका लागि यो एउटा उत्कृष्ट संग्रह बनेको छ ।

संगीत समीक्षक ग्रेग कोटका अनुसार इगल्स मुख्यतया 'सिंगल्स' निकाल्ने ब्यान्ड थियो र यी सबै हिट गीतहरूलाई एउटै डिस्कमा राख्दा यसले उनीहरूका अघिल्ला चारवटा स्टुडियो एल्बमहरूलाई पनि छायामा पारिदियो ।

हाल इगल्स ब्यान्ड लस भेगासको 'द स्फियर'मा प्रदर्शन गरिरहेको छ र उनीहरूले आफ्नो अन्तिम भ्रमण 'द लङ गुडबाइ'को तयारी गरिरहेका छन् ।

# यामी गौतमको स्पष्टीकरण 'मैले कहिल्यै सस्तो स्टन्ट गरिनँ'



**काठमाडौं/मस–** बलिउड अभिनेत्री यामी गौतम धरले हालै सामाजिक सञ्जालमा एक विवादित 'लाइक'का कारण सिर्जना भएको चर्चाको विषयमा आफ्नो स्पष्टीकरण दिएकी छन् । अभिनेत्री कृति सेननले हालै प्राप्त गरेको 'उत्कृष्ट अभिनेत्री'को अवार्डलाई लिएर आलोचना गरिएको एक भिडियो (रिल)मा यामीले लाइक गरेको देखिएपछि सामाजिक सञ्जालमा विवाद सुरु भएको थियो ।

शुक्रबार 'एक्स' (पहिलेको ट्विटर) मार्फत आफ्नो भनाइ राख्दै यामीले उक्त पोस्टमा गरिएको लाइक जानीजानी नगरिएको र यो भुलवश भएको हुनसक्ने बताएकी छन्। योविवादको सुरुवात तब भयो जब अभिनेत्री कृति सेननले फिल्म 'तेरे इश्क मे'मा गरेको अभिनयका लागि 'जी सिने अवार्ड्स'मा उत्कृष्ट अभिनेत्रीको पुरस्कार जितिन् । कृतिको जितपछि सामाजिक सञ्जालमा केही प्रयोगकर्ताहरूले फिल्म 'हक'मा यामी गौतमले गरेको अभिनयलाई बेवास्ता गरिएको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए ।

यसैबीच इन्स्टाग्राममा एउटा फ्यान-मेड भिडियो भाइरल भयो, जसमा कृतिले आफ्नो ट्रफी लिएर पोज दिइरहेको दृश्य र यामी गौतमको पुरानो अन्तर्वार्ताको एउटा क्लिप जोडिएको थियो । उक्त अन्तर्वार्तामा यामीले आफूले अवार्डको माध्यमबाट पहिचान नखोज्ने बताएकी थिइन् । भिडियोको अन्त्यमा 'के यो न्यायसंगत छ ?' भन्दै कृतिको जितमा प्रश्न उठाइएको थियो। सोही भिडियोमा यामीले लाइक गरेको स्क्रिनसटहरू बाहिरिएपछि उनीमाथि कृतिको अपमान गरेको आरोप लागेको थियो । यामीले आफ्नो आधिकारिक बयानमा यामीले सेलिब्रेटीहरूलाई दैनिक सयौं पोस्टहरूमा ट्याग गरिने र सोही क्रममा झुक्किएर क्लिक भएको हुनसक्ने स्पष्ट पारेकी छन् । उनले लेखेकी छन्, 'मेरो जानकारीमा आएको छ कि मैले अर्को अभिनेत्रीको अपमान गर्ने एउटा रिल लाइक गरेको देखिएको छ । हामीलाई हरेक दिन धेरै कुरामा ट्याग गरिन्छ र यो पनि कुनै अवार्ड समारोहको सन्दर्भमा ट्याग गरिएको पोस्टको रूपमा देखिएको थियो ।'

उनले थप स्पष्ट पार्दै भनिन्, 'यो सत्य होइन र सचेत भएर गरिएको काम पनि होइन । यदि भएको हो भने यो भुलवश क्लिक भएको हुनसक्छ ।' यामीले आफूले ध्यान तान्नका लागि कहिल्यै पनि प्रचारबाजीको सहारा नलिएको दाबी गरिन् । उनले भनेकी छन्, 'मैले मेरो जीवनमा कहिल्यै पनि सस्तो पिआर रणनीति अपनाएकी छैन । म सधैं आफ्नो काममा केन्द्रित हुन्छु र अगाडि बढ्छु ।' यस्ता स-साना घटनालाई ठुलो गफको विषय बनाउनु अघि सन्दर्भ बुझ्दिन पनि उनले सामाजिक सञ्जाल प्लेटफर्म र पोर्टलहरूलाई आग्रह गरेकी छन् ।

यामी गौतम छिट्टै आदित्य धरद्वारा निर्देशित फिल्म 'धुरन्धरः द रिभेन्ज'मा विशेष भूमिका (क्यामियो) मा देखिनेछिन्, जुन मार्च १९, २०२६ मा प्रदर्शन हुँदैछ। अर्कोतर्फ, कृति सेननले आफ्नो आगामी फिल्म 'ककटेल २'को सुटिङ सकेर हाल केही समयका लागि कामबाट विश्राम लिएकी छन् ।

# 'उस्ताद भगत सिंह' र 'धुरन्धर २' भिड्दै

**काठमाडौं/एजेन्सी–** भारतीय चलचित्र क्षेत्रमा यस वर्षको मार्च महिनामा एउटा ठुलो व्यावसायिक टक्कर (क्ल्यास) देखिने भएको छ । दक्षिण भारतीय चलचित्रका सुपरस्टार पवन कल्याणको बहुप्रतीक्षित चलचित्र 'उस्ताद भगत सिंह' र बलिउडका चर्चित अभिनेता रणवीर सिंहको अभिनय रहेको 'धुरन्धरः द रिभेन्ज' (धुरन्धर २) आगामी मार्च १९ मा एकै दिन प्रदर्शनमा आउने पक्का भएको छ ।

पवन कल्याणको महत्वाकांक्षी परियोजना 'उस्ताद भगत सिंह' यसअघि मार्च २२ का लागि तय गरिएको थियो । तर अभिनेता यशको चलचित्र 'टक्सिक' मार्च १९ बाट सरेर जुन ४ मा पुगेपछि पवन कल्याणले आकस्मिक निर्णय गर्दै आफ्नो चलचित्रलाई तीन दिन अगाडि अर्थात् मार्च १९ मा ल्याउने निर्णय गरेका हुन् । यो निर्णयसँगै अब यस चलचित्रको सिधा प्रतिस्पर्धा आदित्य धरको निर्देशनमा बनेको 'धुरन्धर २' सँग हुने निश्चित भएको छ ।

पवन कल्याणले मार्च १९ को मिति रोज्नुको पछाडि विशेष रणनीतिक कारण रहेको छ । सो समयमा पर्ने इद र रामनवमीको सार्वजनिक बिदाले फिल्मलाई बक्स अफिसमा ठुलो फाइदा पुग्ने उनको विश्वास छ । पवन कल्याणले यस भिडन्तलाई उच्च स्तरमा लैजाने तयारी गरेका छन् र उनले आफ्ना समर्थकहरूलाई हिन्दी चलचित्रको तुलनामा तेलुगु उत्पादनलाई बढी साथ दिन आग्रह गर्दै सशक्त प्रचार-प्रसार गर्ने योजना बनाएका छन् । 'धुरन्धरः द रिभेन्ज' को टोली भने यस प्रतिस्पर्धाबाट कत्ति पनि विचलित देखिएको छैन । चलचित्रसँग निकट स्रोतका अनुसार, उनीहरूले यशको 'टक्सिक'सँगको प्रतिस्पर्धालाई पनि सामान्य रूपमा लिएका थिए र अहिले पवन कल्याणको 'उस्ताद भगत सिंह'लाई पनि गम्भीर चुनौतीका रूपमा हेरेका छैनन् । चलचित्रमा महत्वपूर्ण भूमिका निभाएका कलाकार आर. माधवनले टोलीको आत्मविश्वास झल्काउँदै 'के हामीलाई कुनै प्रचारको आवश्यकता छ र ?' भन्दै प्रश्न गरेका छन् । यसबाट 'धुरन्धर २'को टोली आफ्नो चलचित्रको सफलतामा पूर्ण विश्वस्त रहेको बुझ्न सकिन्छ ।

प्रतिस्पर्धाको बीचमा 'धुरन्धर' टोलीले आफ्नो प्रचार कार्यलाई अगाडि बढाएको छ । अभिनेता रणवीर सिंहले मार्च ७ मा 'धुरन्धरः द रिभेन्ज' को ट्रेलर सार्वजनिक हुने घोषणा गरिसकेका छन् । उनले सामाजिक सञ्जालमार्फत प्रशंसकहरूलाई ट्रेलरका लागि तयार रहन समेत आग्रह गरेका छन् ।

दक्षिण र उत्तर भारतका दुई ठुला स्टारहरूबीचको यो रोचक भिडन्तले मार्च महिनामा सिनेमा घरहरूमा कस्तो प्रभाव पार्ने हो, त्यो हेर्न बाँकी नै छ ।







# विश्व शान्तिको अपिल गर्दा नोरा ट्रोलको सिकार



**मुम्बई/मस–** बलिउड अभिनेत्री तथा चर्चित डान्सर नोरा फतेहीले मध्यपूर्वमा बढ्दो तनाव, विशेषगरी अमेरिका, इजरायल र इरानबीचको द्वन्द्वका बीच विश्व शान्तिका लागि गरेको अपिललाई लिएर ट्रोल गर्नेहरूलाई कडा जवाफ दिएकी छिन् । उनले इन्स्टाग्राममा एक भिडियो सन्देश जारी गर्दै एकता, करुणा र शान्तिको आह्वान गरेकी थिइन् ।

नोराको शान्तिको सन्देशलाई कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले गलत व्याख्या गर्दै भू-राजनीतिक मुद्दामा उनको संलग्नतालाई लिएर आलोचना गरेपछि विवाद उत्पन्न भएको थियो । यसको प्रतिक्रिया स्वरूप, मार्च ३ मा अर्को भिडियो सार्वजनिक गर्दै नोराले आलोचकहरूलाई सिधा सम्बोधन गरिन् ।

भिडियोमा उनले भनेकी छन्, 'मानिसहरूले बुझ्ने र सुन्ने क्षमता गुमाइसकेका छन् ।' उनले प्रतिक्रिया दिनुअघि गहिरिएर सोच्न आग्रह गर्दै आफ्नो शान्ति र एकताको सन्देश कुनै पनि राष्ट्रियता, धर्म वा पृष्ठभूमिभन्दा माथि उठेर सबैका लागि भएको स्पष्ट पारेकी छिन् । उनले अगाडि थपिन्, 'यदि तपाईं अराजकताको विरुद्ध बोल्नुहुन्छ र मानिसहरू शान्तिमा बसून् भन्ने चाहनुहुन्छ भने र कसैलाई त्यसमा समस्या छ भने, तपाईंले आफूलाई जाँच्न आवश्यक छ। नैतिक रूपमा तपाईंमा केही गडबड छ ।'

नोराले आफू हाल भारतमा सुरक्षित रहेको जानकारी दिँदै विश्वभर भइरहेका निरन्तरका द्वन्द्व र विचलित बनाउने दृश्यहरूले आफूलाई चिन्तित बनाएको पनि बताएकी छिन् । आलोचनाका बाबजुद पनि उनले शान्तिको वकालत गर्नु विवादास्पद हुनु नहुने र आफू एकताको पक्षमा बोलिरहने प्रतिबद्धता दोहोर्‍याएकी छिन् ।

नोरा भर्खरै फिल्म 'थम्मा'को 'दिलबरकी आँखोंका' गीतमा विशेष भूमिकामा देखिएकी थिइन् । उनी अब आगामी कन्नड एक्सन ड्रामा फिल्म 'केडीः द डेभिल'मा देखिने तयारीमा छिन् ।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः मदनकुमार श्रेष्ठ सम्पादकः जनक नेपाल